# परियोजनाको उपलब्धि

## तथा

# सिकाइ अभिलेखीकरण

(आ.व. २०८२/८३)


नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ

ओखलढुंगा

आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टकरण र औद्योगिकीकरण

# परियोजनाको उपलब्धि

तथा

# सिकाइ अभिलेखीकरण

## (आ.व. २०८२/८३)

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

ओखलढुंगा

(कार्यक्षेत्रः- ओखलढुंगा र सोलुखुम्बु)

२०८३

# परियोजनाको उपलब्धि तथा सिकाइ अभिलेखीकरण

**प्रकाशक:**
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा

**प्रकाशन वर्ष:** २०८३

# मन्तव्य



नेपालको समग्र अर्थतन्त्रमा कृषि क्षेत्रको प्रभुत्व रहँदै आएकोले आर्थिक समृद्धि हासिल गर्ने आधार नै कृषि क्षेत्र हो। करिब २४.१ कूल ग्रार्हस्थ उत्पादनमा योगदान रहेको कृषि क्षेत्रमा उच्च उत्पादन, लागत सिमित उन्नत प्रविधिको प्रयोग, न्यून उत्पादकत्व एवम् प्रतिस्पर्धात्मकता, प्रमुख कृषि सामग्रीहरूमा सिमित पहुँच सहज एवम् सरल कृषि कर्जामा न्यून पहुँच जलवायु परिवर्तनको नकरात्मक प्रभाव, उत्पादन सामग्रीहरूको अपर्याप्त आपूर्ति, ग्रामिण भौतिक पूर्वाधारहरूको अपर्याप्तता, साना खण्डित र अव्यवस्थित भू-उपयोगको अवस्था, आवश्यक ज्ञान, प्रविधि तथा श्रमशक्ति सर्वसुलभ नहुनु, कृषि उत्पादन विविधिकरण, प्रतिस्पर्धी र बजारमुखी हुन नसक्नु, जीवनासक विषादीको सुरक्षित प्रयोगबारे पर्याप्त जानकारी नहुनु, अनुसन्धान, शिक्षा र प्रसारबीचको त्रिपक्षीय सम्बन्धलाई मजबुत तुल्याई अनुसन्धानबाट विकास भएका प्रविधिहरूमा पर्याप्त मात्रामा विस्तार नहुनु जस्ता समस्याहरूका कारण कृषि क्षेत्र नेपाली युवा वर्गको आर्कषणको केन्द्रविन्दु हुन सकेको छैन। सिमान्तकृत कृषक तथा निर्वाहमुखी कृषि प्रणालीको बाहुल्यता, तीव्र गतिमा बढेको अव्यवस्थित सहरीकरणबाट कृषि योग्य उर्वर भूमिको भौतिक संरचनामा रूपान्तरण तथा जमिनको बढ्दो खण्डिकरण, सक्रिय जनशक्तिको पलायन, कृषि क्षेत्रमा बढ्दो उत्पादन लागत, बाली विविधिकरण, प्रतिस्पर्धी क्षमता, कृषि उपजको बजारीकरण तथा बजारमुखी उत्पादन आदि नेपालको कृषि क्षेत्रका मुख्य चुनौतिहरू रहेका छन्। यस परिस्थितिमा नेपालले अन्तर्राष्ट्रिय समुदायमा गरेका सन्धी/सम्झौता, दिगो विकास लक्ष्य २०३० तथा राष्ट्रिय नीतिहरू समेतलाई मध्य नजर गर्दै कृषि उत्पादनलाई प्रतिस्पर्धात्मक, व्यावसायीकरण एवम् औधोगिकीकरणको जग बसाल्न तथा रोजगारीको सृजना, खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउन कृषि पेशामा युवा आकर्षण बढाई कृषि क्षेत्रलाई सम्मानित पेशा बनाउँदै कृषि क्षेत्रको आधुनिकीकरणमार्फत राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउन अपरिहार्य हुन आउँछ। यसै सन्दर्भमा कृषि क्षेत्रका विद्यमान समस्याहरूलाई ध्यानमा राखी आन्तरिक संस्थागत जनशक्तिबाट तयार एवम् नेपाल सरकारको आन्तरिक स्रोतबाट सञ्चालन हुने गरी २० वर्षे कृषि विकास रणनीतिको कार्यान्वयनको सहयोगी परियोजनाको रूपमा कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ आ.व. २०७३/७४ देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना १० वर्षको लागि कार्यान्वयनमा रहेकोमा आ.व. २०८२/८३ देखि परियोजनाको नाम संशोधन भई राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको नामबाट हाल सञ्चालनमा रहेको छ।

कृषि योग्य जमिनको चक्लाबन्दी, उन्नत प्रविधि र गुणस्तरीय पूर्वाधार विकास, प्रतिस्पर्धी कृषि तथा औधोगीकरणबाट आय तथा रोजगारी वृद्धि, गरिबी न्यूनीकरण, खाद्य तथा पोषण सुरक्षा एवम् कृषिमा आधारित अर्थतन्त्रलाई कृषि उद्योगमा रूपान्तरित गरी दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकासका लागि विशिष्टिकृत बालीहरूमा पकेट, ब्लक, जोन एवम् सुपरजोन कार्यक्रम सञ्चालन गरेको परिवेशमा बालीको मूल्य शृङ्खलामा आधारित बाली वस्तु उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास एवम् व्यावसायीकरण प्रवर्द्धन तथा प्रशोधन केन्द्रहरूको स्थापनामार्फत कृषि आधुनिकीकरणको आधारशीला तयार गरी कृषिलाई सम्मानित पेशा बनाउँदै आत्मनिर्भर कृषि अर्थतन्त्रको जग बसाल्ने उद्देश्यले सोलुखुम्बु जिल्लामा आ.व. २०७३/७४ देखि सुन्तला, आ.व. २०७५/७६ देखि अदुवा/बेसार र किवी एवम् आ.व. २०७८/७९ देखि स्याउ/ओखर गरी ४ वटा

व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र जोन विकास कार्यक्रम सञ्चालनमा रहेको छ भने ओखलढुंगा जिल्लामा आ.व. २०७५/७६ देखि आलु र आ.व. २०७८/७९ देखि बाख्राको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र जोन विकास कार्यक्रम सञ्चालनमा रहेको छ। विभिन्न उतारचढावका बीच कार्यक्रम कार्यान्वयन एकाइले कृषक वर्गलाई व्यावसायिक उत्पादनमा प्रोत्साहित गर्न विभिन्न अनुदानका प्याकेजहरू जस्तैः बाली/बस्तुको क्षेत्र विस्तार, आधुनिकीकरणका यन्त्र तथा औजारहरू, उत्पादन उपरान्त क्षति न्युनीकरणका प्याकेज तथा साना सिँचाइ, प्रतिफलमा आधारित प्रोत्साहित अनुदानलगायत सीप विकास तालिमहरूका माध्यमबाट कृषि क्षेत्रलाई व्यावसायिकतातर्फ अगाडि बढाइएको छ।

प्रस्तुत परियोजनाको उपलब्धि तथा सिकाइ अभिलेखीकरण पुस्तिकामा कार्यक्रमहरूको प्रगति प्रतिवेदन विवरण, लाभान्वित कृषक समूह/संस्थाहरूको विवरण, सूचीकृत कृषक समूह/संस्थाहरूको विवरण, जिल्लाको परिचय तथा कृषि सम्बन्धी तथ्याङ्कहरू लगायत परियोजनाको उपलब्धि तथा सिकाइ अभिलेखीकरण गरिएका छन्। यस पुस्तकलाई प्रकाशन गर्न तथ्याङ्क सङ्कलन, विश्लेषण गर्न अहोरात्र खटिई कार्य गर्नुहुने ना.प्रा.स. श्री लीला कुमार श्रेष्ठ एवम् तथ्याङ्क उपलब्ध गरी सहयोग गर्नु हुने कार्यालयका प्राविधिक शाखा, लेखा/प्रशासन शाखा र जोन प्राविधिक एकाइ, सोलुखुम्बुका साथिहरूलाई विशेष धन्यवाद दिन चाहन्छु।

अन्त्यमा यो परियोजनाको उपलब्धि तथा सिकाइ अभिलेखीकरण पुस्तक प्रकाशनको क्रममा भएका त्रुटिहरूलाई यहाँहरूबाट प्राप्त हुने सुझावको आधारमा आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धताका साथ सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

**हेम बहादुर आले मगर**
(नि. वरिष्ठ कृषि अधिकृत)

# विषयसूची

## खण्ड-१

**जिल्लाको परिचयात्मक विवरण**............................................................................................................१
१.१ ओखलढुंगा जिल्लाको चिनारी.......................................................................................१
१.२ सोलुखुम्बु जिल्लाको चिनारी.......................................................................................१
१.३ जिल्लाको भौगोलिक स्थिति.......................................................................................२
१.४ जिल्ला सिमाना.......................................................................................२
१.५ भौगोलिक अवस्थिति.......................................................................................२
१.६ विशेष ठाउँको उचाइ विवरण.......................................................................................३
१.७ भौगोलिक धरातलीय वर्गीकरण.......................................................................................३
१.८ जिल्लाका अग्ला डाँडाहरू.......................................................................................३
१.९ जिल्लाका प्रमुख टारहरू.......................................................................................३
१.१० हावापानी.......................................................................................३
१.११ प्राकृतिक सम्पदा.......................................................................................४
१.१२ जिल्लाको यातायात तथा हवाई सेवा.......................................................................................५
१.१.३ भू-उपयोग.......................................................................................६
१.१४ जनसङ्ख्या विवरण.......................................................................................७
१.१५ जिल्लाको साक्षरता विवरण.......................................................................................८
१.१६ जिल्लाको प्रमुख जात/जातीगत विवरण.......................................................................................८
१.१७ जिल्लाभित्रको स्थानीय तह र केन्द्र.......................................................................................१०

## खण्ड-२

**कृषि विकास रणनीति र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम**..........................................................................११
२.१ पृष्ठभूमि (Background).......................................................................................११
२.२ राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको रणनीतिहरू.......................................................................................१२
२.३ कार्यक्रमका सम्भागहरू.......................................................................................१२
२.४ कार्यक्रम सञ्चालनको अवधारण.......................................................................................१२
२.५ राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम किन ?.......................................................................................१३
२.६ सहयोगी निकायहरू.......................................................................................१३
२.७ व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम.......................................................................................१३
२.७.१ व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रमको उद्देश्यहरू..१३
२.७.२ व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) निर्माण प्रक्रिया.......................................................................................१३
२.८ पकेट, ब्लक, जोन तथा सुपरजोनबीचको अन्तर सम्बन्ध.......................................................................................१४
२.९ राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगाको स्वीकृत साङ्ठानिक संरचना.......................................................................................१५
२.१० कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगामा हाल कार्यरत जनशक्ति विवरण.......................................................................................१६

२.११ आ.व. २०८२/८३ भौतिक पूर्वाधारहरू तथा जिन्सी विवरण ....................................१७
२.१२ कार्यक्रमको शुरु वर्षदेखि हालसम्मको बजेट विनियोजन र खर्चको विवरण (सोलुखुम्बु)............१७
२.१३ कार्यक्रमको शुरु वर्षदेखि हालसम्मको बजेट विनियोजन र खर्चको विवरण
(ओखलढुंगा/सोलुखुम्बु)...................................................................१७

## खण्ड-३

३.१ जोनगत प्रगति विवरण ....................................................................१८
३.१.१ ओखलढुंगा र सोलुखुम्बु जिल्लामा सञ्चालित बाली विशेष जोन विवरण .....................१८
३.१.२ जोनको कमाण्ड क्षेत्र ......................................................................१८
३.१.३ जोनमा सूचीकृत संस्थाहरूको विवरण
(सहकारी/समूह/कृषि उद्यमी/कम्पनी/प्राविधिक शिक्षालय ..................................१९
३.१.४ प्रमुख गतिविधिहरू (Major Activities) ..........................................................२०
३.१.५ परियोजना अवधिको जोनगत लाभान्वित कृषक विवरण..........................................३४
३.१.६ जोन तथा सुपरजोन अन्तरगतका बाली वस्तुको उत्पादकत्वको अवस्था
(क्रप कटिङको आधारमा) ....................................................................३५
३.१.७ उत्पादन र उत्पादकत्वमा आएको सुधार
(कार्यक्रम क्षेत्रभित्र, लक्षित बालीहरूको मात्र)..................................................३५
३.१.८ उत्पादन र उत्पादकत्वमा आएको सुधार (कार्यक्रम क्षेत्रभित्र)................................३५
३.१.९ जिल्ला प्राथमिकताका बाली वस्तुहहरूको जिल्लाबाट बाहिर गएको अवस्था ...............३६
३.१.१० कार्यक्रम लागू भएका क्षेत्र र नभएका क्षेत्रहरूबीचको अन्तर ...............................३६
३.१.११ कार्यक्रमबाट हालसम्म सृजना भएको रोजगारीको विवरण ......................................३६
३.१.१२ उपलब्धिहरू (Achievement) ......................................................................३७
३.१.१३ प्रभाव (Impact)..................................................................................३९

## खण्ड-४

४.१ परिशिष्ट (Annex).........................................................................४३
४.१.१. आलु जोन क्षेत्रका कृषकको सफलताको कथा (Case Study) ...............................४३
४.१.२. आलु जोन क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर.............४४
४.१.४. बाख्रा जोन क्षेत्रमा सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर......................४७
४.१.५. सुन्तला जोन क्षेत्रका कृषकको सफलताको कथा (Case Study) ............................४९
४.१.६. सुन्तला जोन अन्तर्गत सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर ................५०
४.१.७. अदुवा/बेसार जोन क्षेत्रका कृषकको सफलताको कथा (Case Study).......................५२
४.१.९. किवी जोन क्षेत्रका कृषकको सफलताको कथा (Case Study)...............................५४
४.१.१०. हराभरा किवीबारी बदलिँदो जीवन काहानी: सोनाम लामाको सफलताको कथा...........५५
४.१.११. किवी जोन अन्तर्गत सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर...................५५
४.१.१२. स्याउ जोन कृषकको सफलताको कथा (Case Study) .......................................५८
४.१.१३. स्याउ/ओखर जोन अन्तर्गत सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर.........५९

## ओखलढुंगा जिल्ला



## सोलुखुम्बु जिल्ला



## खण्ड-१

# जिल्लाको परिचयात्मक विवरण

## १. १. ओखलढुंगा जिल्लाको चिनारी

महाभारत कालमा भीम मल्लले यहाँ रहेको ओखल जस्तो खोपिल्टोमा धान कुटी भात पकाएर खाएकाले यहाँको नाम ओखलढुंगा रहेको जनविश्वास छ। मल्लकालीन समयमा राजा लक्ष्मीनरसिंह मल्लले राज्य विस्तार गर्न काजी भीम मल्ललाई यस भेगमा पठाइएको थिए। उनले यहाँ राज्य चलाएका किराँतलाई लखेटे। उनको फौजसँग धान भएको र यहाँको ठूलो ढुंगाको खोपिल्टोमा धान कुटेर भात खाएकोले त्यही ढुंगाको ओखलको नामले यो ठाउँको नाम ओखलढुंगा रहन गएको हो भन्ने जनश्रुति छ।

यस जिल्लामा रहेका ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरूमा सदरमुकामस्थित वीरेन्द्र पार्क, ऐतिहासिक ढुंगाको ओखल, १३१ मिटर पोकली झरना, गौरीवन, देम्बा डाँडा, युगकवि सिद्धिचरण श्रेष्ठको प्रतिमा, ककनी देवीको मन्दिर र मोलीको तिनकन्या पञ्चवती देवी मन्दिर रहेका छन्।

यस जिल्लाको उत्तरी भागमा जडिबुटी, ओखर, लप्सी खेतीको लागि सम्भाव्यता रहेको छ। दक्षिणी भेगमा सुन्तला, आँप, केरा, जुनार, अम्बा आदि फलफूलको लागि हावापानी उपयुक्त छ। जिल्लामा मकै, कोदो, आलु र धान बाली मुख्य खाद्यान्न बालीको रूपमा लगाइन्छ।

ओखलढुंगादेखि काठमाडौं राजधानीसँग जोडिने २२० कि.मि. सडकमार्ग पक्की पिच रहेको छ। तराईसँग जोडिने घुर्मीदेखि कटारी (उदयपुर खण्ड) ४६ कि. मिटर कच्ची सडक र टोक्सेलदेखि ओखलढुंगासम्म पक्की पिचसडक भई बाह्रै महिना यातायात सञ्चालनमा रहेको छ। जिल्लाको सदरमुकाम ओखलढुंगासँग जोडिने शाखा सडकहरू ओखलढुंगादेखि रुम्जाटार र ओखलढुंगा रामपुर बजारसम्म पक्की पिचसडक निर्माण भई सञ्चालनमा रहेको छ। जिल्ला सदरमुकामबाट मानेभन्ज्याङ गाउँपालिका पक्की पिच सडक खण्डमा पर्दछ भने बाँकी सबै गाउँपालिकासम्म कच्ची सडक जोडेर बाहैं महिना यातायात सुचारु रूपले सञ्चालनमा रहेका छन्।

## १.२. सोलुखुम्बु जिल्लाको चिनारी

कोशी प्रदेशको १४ वटा जिल्लामध्ये सबैभन्दा उत्तरी भेगमा रहेको सोलुखुम्बु जिल्लाको नामाकरण सदरमुकाम सल्लेरीबाट बग्ने सोलु खोला र उत्तरस्थित खुम्बिला हिमालको फेदमा रहेको खुम्बु उपत्यकाबाट रहन गएको किम्बदन्ती छ। यो जिल्ला यहाँका मनोरम हिमशिखर र उच्च पर्वतीय क्षेत्रले गर्दा विश्व मानचित्रमा नै प्रसिद्ध रहेको छ। यस जिल्लालाई पर्यटकहरूको साङ्ग्रीला भनेर पनि चिनिन्छ। यहाँ रहेका विभिन्न जातजाती, भेषभुषा, भाषा, संस्कृति, रहनसहन, वातावरण, प्राकृतिक सम्पदा आदिको विविधताले यस जिल्लाको महत्त्वमा थप भूमिका खेलेको छ। यस क्षेत्रले बिश्वको साहसी पर्वतारोही तथा प्राकृतिक र सांस्कृतिक वैभवका पारखीहरूलाई सधै आकर्षित गरिरहेको पाइन्छ।

## १.३. जिल्लाको भौगोलिक स्थिति

| क्र.सं. | जिल्ला | इकाई | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. | ओखलढुंगा | सङ्ख्या | नगरपालिका | १ | |
| | | सङ्ख्या | गाउँपालिका | ७ | |
| | | सङ्ख्या | वडा | ६५ | |
| | | सङ्ख्या | सङ्घीय सभा प्रतिनिधि निर्वाचन क्षेत्र | १ | |
| | | सङ्ख्या | प्रदेश सभा प्रतिनिधि निर्वाचन क्षेत्र | २ | |
| २. | सोलुखुम्बु | सङ्ख्या | नगरपालिका | १ | |
| | | सङ्ख्या | गाउँपालिका | ७ | |
| | | सङ्ख्या | वडा | ५९ | |
| | | सङ्ख्या | सङ्घीय सभा प्रतिनिधि निर्वाचन क्षेत्र | १ | |
| | | सङ्ख्या | प्रदेश सभा प्रतिनिधि निर्वाचन क्षेत्र | २ | |

## १.४. जिल्ला सिमाना

| क्र.सं. | जिल्ला | विवरण | सिमाना | कैफियत |
|---|---|---|---|---|
| १. | ओखलढुंगा | पूर्व | दुधकोशी नदी, खोटाङ | |
| | | पश्चिम | लिखु कोशी नदी, रामेछाप र सिन्धुली | |
| | | उत्तर | सोलुखुम्बु | |
| | | दक्षिण | उदयपुर | |
| २. | सोलुखुम्बु | पूर्व | भोजपुर र संखुवासभा | |
| | | पश्चिम | दोलखा र रामेछाप | |
| | | उत्तर | चीन गणराज्यको स्वशासित क्षेत्र तिब्बत | |
| | | दक्षिण | ओखलढुंगा र खोटाङ | |

## १.५. भौगोलिक अवस्थिति

| क्र.सं. | जिल्ला | विवरण | अवस्थिति | कैफियत |
|---|---|---|---|---|
| १. | ओखलढुंगा | अक्षांश | २७° ६' -२७° ३२' उत्तर | |
| | | देशान्तर | ८६° १०-'८६° ४' पूर्व | |
| | | समुन्द्र सतहबाट उचाइ | ३९०-३६२७ मिटर | |

| क्र.सं. | जिल्ला | विवरण | अवस्थिति | कैफियत |
|---|---|---|---|---|
| २. | सोलुखुम्बु | अक्षांश | २७०२० '३९' उत्तरदेखि २८०६ '२४' उत्तर | |
| | | देशान्तर | ८६०२१' पूर्वदेखि ८६०१' पूर्व | |
| | | समुन्द्र सतहबाट उचाइ | ६५० देखि ८८४८.८६ मिटरसम्म | |

## १.६. विशेष ठाउँको उचाइ विवरण

| क्र.सं. | जिल्ला | ठाउँको विवरण | उचाइ | कैफियत |
|---|---|---|---|---|
| १. | ओखलढुंगा | सबैभन्दा अग्लो ठाउँ | देम्वा डाँडा ३६२७ मिटर | |
| | | सबैभन्दा होचो ठाउँ | जोर्तीघाट ३९० मिटर | |
| | | सदरमुकाम | ओखलढुंगा १८४९ मिटर | |
| | | रुम्जाटार विमानस्थल | १३५६ मिटर | |

## १.७. भौगोलिक धरातलीय वर्गीकरण

| क्र.सं. | जिल्ला | धरातलीय वर्गीकरण | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | ओखलढुंगा | लेकाली प्रदेश | २० प्रतिशत | |
| | | मध्यपहाडी प्रदेश | ६५ प्रतिशत | |
| | | वेंसी र टार प्रदेश | १५ प्रतिशत | |

## १.८. जिल्लाका अग्ला डाँडाहरू

| क्र.सं. | जिल्ला | अग्ला डाँडाहरू | कैफियत |
|---|---|---|---|
| १. | ओखलढुंगा | देम्वाडाँडा, लाम्जा, ताक्लु भञ्ज्याङ, गौरीवन थुम्की, भुसुन्डे, तिनतले, देउराली, चप्लु, कमेरे, विवलाटे, पात्ले, ककनीडाँडा, छेभाविङ आदि पर्दछन् । | |

## १.९. जिल्लाका प्रमुख टारहरू

| क्र.सं. | जिल्ला | अग्ला डाँडाहरू | कैफियत |
|---|---|---|---|
| १ | ओखलढुंगा | रुम्जाटार, गाम्नाङटार, रामपुरटार, सोक्यटार, कुइभिरटार, हर्कपुरटार, माझिटार, विगुटार, देविटार, आदि पर्दछन्। | |

## १.१०. हावापानी

| क्र.सं. | जिल्ला | हावापानी | कैफियत |
|---|---|---|---|
| १ | ओखलढुंगा | उष्ण, समिपतोष्ण र शितोष्ण | |
| २ | सोलुखुम्बु | अर्ध-उष्ण, समसितोष्ण, लेकाली र हिमाली | |

## १.११. प्राकृतिक सम्पदा

<table>
<tr><th>क्र.सं.</th><th>जिल्ला</th><th>विवरण</th><th colspan="2">कैफियत</th></tr>
<tr><td rowspan="9">१.</td><td rowspan="9">ओखलढुंगा</td><td>नदीनाला</td><td colspan="2">दुधकोशी, लिखुकोशी, सुनकोशी, एलुङ, मोलुङ, सेप्ली, पोक्तिङ, लिपे, अँधेरी, सेरा, ठोट्ने, सिल्खु, पंखु, खार्ते, पोक्ती, लेखी खोला, जुंगो खोला, सत्पु खोला, सेर्ना खोला आदि पर्दछन् ।</td></tr>
<tr><td rowspan="4">वनक्षेत्र</td><td>कूल वन क्षेत्र</td><td>३७५२९.८२ हेक्टर</td></tr>
<tr><td>साल खयर र सल्लाको मिश्रित वन</td><td>२५ प्रतिशत</td></tr>
<tr><td>चिलाउने उत्तिस र सल्लाको मिश्रित वन</td><td>४० प्रतिशत</td></tr>
<tr><td>खस्रु गोब्रे सल्ला र ठिगुरे सल्लाको मिश्रित वन</td><td>३५ प्रतिशत</td></tr>
<tr><td>वन वनस्पति</td><td colspan="2">चाँप, सल्लो, साल, चिलाउने, उत्तिस, पात्ले, लालीगुराँस, बाज, आरूपाते, खयर, ओखर, ढिगुरे ,लप्सी, बाँस, निगाले सिमल, पैंयु, दुधिलो, कुटमिरो, कोईरालो, टाँकी, स्यालफुस्रो, खस्रु, खनिउ, हर्रो, वर्रो, अमला, पाखनभेद, चिराईतो, बोझो र टिम्बुर आदि छन्।</td></tr>
<tr><td>वन्यजन्तु</td><td colspan="2">वन्यजन्तुहरूलाई आश्रय दिने विभिन्न वनस्पतिहरूको उपलब्धता एवम् वन जङ्गलको उपस्थिति हुनाले जिल्लाको दक्षिणतिर स्याल, खरायो, बाँदर, लङ्गुर पाइन्छन् भने उत्तरतिर घोरल, कस्तुरी, मृग, बाघ, भालु आदि पाइन्छन्। त्यस्तै हिमाली क्षेत्रमा प्रख्यात हिम चितुवा, हिम भालु आदि वन्यजन्तु पाइन्छन् जुन यस जिल्लाको विशेषता पनि हो ।</td></tr>
<tr><td>माटो</td><td colspan="2">चिम्टाइलो दोमट, दोमट र बलौटे दोमट माटो पाइन्छ ।</td></tr>
<tr><td>२.</td><td>सोलुखुम्बु</td><td>नदीनाला</td><td colspan="2">हिमाली श्रोतबाट उत्पन्न प्रमुख नदीहरू दुधकोशी, लिखुकोशी, सोलुखोलाहरू हुन्। प्रमुख तालहरूमा दुधकुण्डताल, गोक्यो ताल यस जिल्लाको महत्त्वपूर्ण तालहरू मानिन्छन् ।</td></tr>
</table>

| क्र.सं. | जिल्ला | विवरण | कैफियत |
|---|---|---|---|
| | | वनक्षेत्र | |
| | | वन वनस्पति | यस जिल्लाको दक्षिणी भागदेखि उत्तर सगरमाथासम्म भएको उचाइको विविधताले गर्दा न्यानो ठाउँमा हुने वनस्पतिदेखि लिएर ठण्डा ठाउँमा हुने वनस्पतिसमेत पाइन्छन्। समस्टिगत रूपमा उच्चपहाडी भेगमा खोटेसल्ला, मिश्रित खोटेसल्ला, कटुस, लालीगुराँस, उत्तिस आदि जातका वनस्पतिहरू पाइन्छन् भने दक्षिण मध्यपहाडी भेगमा साल, बुढी घेगरो आदि चौडा पात भएका वनस्पतिहरू पाइन्छन् साथै हिमाली क्षेत्रमा गोब्रे सल्ला, ठिंगुरे सल्ला, चिमल, साना-साना हिउँ सहन सक्ने वनस्पतिहरू र झ्याउसमेत पाइन्छन् । |
| | | वन्यजन्तु | वन्यजन्तुहरूलाई आश्रय दिने विभिन्न वनस्पतिहरूको उपलब्धता एवम् वन जङ्गलको उपस्थिति हुनाले जिल्लाको दक्षिणतिर स्याल, खरायो, बाँदर, लङ्गुर पाइन्छन् भने उत्तरतिर घोरल, कस्तुरी, मृग, बाघ, भालु आदि पाइन्छन्। त्यस्तै हिमाली क्षेत्रमा प्रख्यात हिम चितुवा, हिम भालु आदि वन्यजन्तु पाइन्छन् जुन यस जिल्लाको विशेषता पनि हो । |
| | | माटो | हिमाली माटो भए तापनि यहाँको माटोमा ज्यादै विविधता पाइन्छ। साधारणतया उत्तर हिमालदेखि दक्षिण बेसीसम्म चिम्टयालो दोमट, बलौटे दोमट, पाँगो, कमेरो आदि किसिमको माटो पाइन्छ। |

## १.१२. जिल्लाको यातायात तथा हवाई सेवा

| क्र.सं. | जिल्ला | यातायात तथा हवाई सेवा | कैफियत |
|---|---|---|---|
| १. | ओखलढुंगा | ओखलढुंगादेखि काठमाडौं राजधानीसँग जोडिने २२० कि.मि. सडकमार्ग पक्की पिच रहेको छ। तराईसँग जोडिने घुर्मी-कटारी (उदयपुर खण्ड) ४६ कि. मिटर कच्ची सडक र टोक्सेलदेखि ओखलढुंगासम्म पक्की पिच सडक भई बाह्रै महिना यातायात सञ्चालनमा रहेको छ। जिल्लाको सदरमुकाम ओखलढुंगासँग जोडिने शाखा सडकहरू ओखलढुंगा-रुम्जाटार र ओखलढुंगा रामपुर बजारसम्म पक्की पिच सडक निर्माण भई सञ्चालनमा रहेको छ। जिल्ला सदरमुकामबाट मानेभन्ज्याङ गाउँपालिका पक्की पिच सडक खण्डमा पर्दछ भने बाँकी सबै गाउँपालिकासम्म कच्ची सडक जोडेर बाहैं महिना यातायात सुचारु रूपले सञ्चालनमा रहेका छन्।<br>सदरमुकामबाट ३ कोष पूर्व रुम्जाटारमा हवाई मैदान रहेको छ। यातायातको सुविधाले हवाई सेवा वन्द रहेकोमा हाल हप्तामा १ पटक उडान भइरहेको छ । | |

| क्र.सं. | जिल्ला | यातायात तथा हवाई सेवा | कैफियत |
|---|---|---|---|
| २. | सोलुखुम्बु | यस जिल्लाको सदरमुकाम सल्लेरीसम्म कालोपत्रे पिच सडक सन्जालले जोडिएर सोलुखुम्बु, सल्लेरीबाट सिधैं काठमाडौं, इटहरी, धरान, विराटनगर, काकडभिट्टासम्म नियमित बस, सुमो जस्ता सार्वजनिक यातायात बाहैं महिना सूचारु रूपले सञ्चालनमा रहेको छ। जिल्लाको सदरमुकामदेखि सबै पालिकासम्म कच्ची सडक बाटोले जोडिएर वर्षात्को मौसमबाहेक सबै पालिकाहरूबाट सिधैं राजधानी काठमाडौं तथा पूर्वी तराई इटहरी, विराटनगर, धरान र काकडभिट्टासम्म सार्वजनिक यातायातहरू सञ्चालनमा आएका छन्। सदरमुकामदेखि पालिकासम्म पुग्ने सडकहरू तिव्र गतिमा स्तरन्नोतिको र निर्माण कार्यसमेत भइरहेको छ।<br><br>सोलुखुम्बु जिल्ला हवाई सेवाको लागि नेपालकै सबैभन्दा बढि विमानस्थलहरू भएको जिल्लाको रूपमा चिनिन्छ। यस जिल्लामा फाप्लु विमानस्थल, लुक्ला विमानस्थल, स्याङ्बोचे विमानस्थल र काँगेल डाँडा विमानस्थल गरी चारवटा विमानस्थल रहेका छन्। हाल फाप्लु र लुक्ला विमानस्थल नियमित उडान भई सेवा पुर्याइरहेको छ भने स्याङ्बोचे र काँगेल डाँडा विमानस्थल सञ्चालन छैनन्। | |

## १.१.३ भू-उपयोग

| क्र.सं. | जिल्ला | विवरण | क्षेत्रफल(हेक्टर) | कैफियत |
|---|---|---|---|---|
| १. | ओखलढुंगा | **जिल्लाको कूल क्षेत्रफल** | १०५८६४ | |
| | | खेती गरिएको जग्गा | २३८७० | |
| | | खेत | ६६०५ | |
| | | पाखो | १७२६५ | |
| | | अन्य जग्गा | ८१९९४ | |
| | | खरबारी | ३४९९१.१८ | |
| | | चरण | १०२८ | |
| | | वन वुट्यान | ३७५९.८२ | |
| | | अन्य | ८४४५ | |
| | | खेतीयोग्य जमिनको अवस्था | | |
| | | जिल्लाको कूल खेतीयोग्य जग्गा | २३८७० | |
| | | सम्भावित सिंचाइ हुन सक्ने जग्गा | १७२४४ | |
| | | वर्षभरी सिञ्चित जग्गा | ९३८२ | |
| | | मौसमी सिञ्चित जग्गा | ९३८२ | |
| | | आकासे सिञ्चित जग्गा | ८१३८ | |
| २. | सोलुखुम्बु | **कूल क्षेत्रफल** | ३३९७७६ | |
| | | उच्चहिमाली क्षेत्र | १९२५११ | |

| क्र.सं. | जिल्ला | विवरण | क्षेत्रफल(हेक्टर) | कैफियत |
|---|---|---|---|---|
| | | उच्चपहाडी क्षेत्र | १४४४६४ | |
| | | मध्यपहाडी क्षेत्र | २८०१ | |
| | | कूल खेती योग्य जमिन | ४५३५८ | |
| | | खेती गरिएको जमिन | ४०६३१ | |
| | | खेत | २७५४ | |
| | | पाखो | ३७८७७ | |
| | | सिञ्चित क्षेत्र वर्षै भरी | ५०७१ | |
| | | सिञ्चित क्षेत्र मौसमी | ३५५६० | |
| | | खेती नगरिएको जमिन | ४७२७ | |
| | | चरण क्षेत्र | ४९८४९ | |
| | | वन क्षेत्र | १०५३३० | |
| | | अन्य (हिउँ, पहाड, नदी, चट्टान आदि) | १३९२३९ | |

## १.१४. जनसङ्ख्या विवरण

| क्र.सं. | जिल्ला | जनसङ्ख्या विवरण | जनगणना २०७८ | कैफियत |
|---|---|---|---|---|
| १. | ओखलढुंगा | पुरुष | ६८,०८० | |
| | | महिला | ७१,४७२ | |
| | | कूल जनसङ्ख्या | **१३९,५५२** | |
| | | लैङ्गिक अनुपात (प्रति सय महिलामा पुरुष) | ९५.२५ | |
| | | घर सङ्ख्या | ३४२८६ | |
| | | परिवार सङ्ख्या | ३४,२९४ | |
| | | प्रति परिवार जनसङ्ख्या | ४.०७ | |
| | | वार्षिक वृद्धिदर (प्रतिशत) | -०.५६ | |
| | | दश वर्षे वृद्धिदर (प्रतिशत) | -६.० | |
| | | जनघनत्व (व्यक्ति प्रति वर्ग कि.मि.) | १३० | |
| | | कृषि पेशाम संलग्न घर सङ्ख्या | ३१६८७ | |
| | | विदेशमा रहेका जनसङ्ख्या | ७४४९ | |
| | | महिला | ११९१ | |
| | | पुरुष | ६२५८ | |
| | | **जम्मा** | ७४४९ | |

| क्र.सं. | जिल्ला | जनसङ्ख्या विवरण | जनगणना २०७८ | कैफियत |
|---|---|---|---|---|
| २. | सोलुखुम्बु | लैङ्गिक अनुपात (प्रति सय महिलामा पुरुष) | ९५.२५ | |
| | | घर सङ्ख्या | ३४२८६ | |
| | | परिवार सङ्ख्या | ३४,२९४ | |
| | | प्रति परिवार जनसङ्ख्या | ४.०७ | |
| | | वार्षिक वृद्धिदर (प्रतिशत) | –०.५६ | |
| | | दश वर्षे वृद्धिदर (प्रतिशत) | -६.० | |
| | | जनघनत्व (व्यक्ति प्रति वर्ग कि.मि.) | १३० | |
| | | कृषि पेशामा संलग्न घर सङ्ख्या | ३१६८७ | |
| | | विदेशमा रहेका जनसङ्ख्या | ७४४९ | |
| | | महिला | ११९१ | |
| | | पुरुष | ६२५८ | |
| | | **जम्मा** | ७४४९ | |

Source: National Population and Housing Census -2021, Nepal.

## १.१५. जिल्लाको साक्षरता विवरण

| क्र.सं. | जिल्ला | विवरण | राष्ट्रिय जनगणना २०७८ अनुसार औषत साक्षरता प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | ओखलढुंगा | कूल साक्षरता प्रतिशत | ७३.९ | |
| | | महिला | ८१.६ | |
| | | पुरुष | ६६.६ | |
| २. | सोलुखुम्बु | कूल साक्षरता प्रतिशत | ७६.९५ | |
| | | महिला | ६९.५२ | |
| | | पुरुष | ८४.३१ | |

## १.१६. जिल्लाको प्रमुख जात/जातीगत विवरण

| क्र.सं. | जिल्ला | जात/जाति | जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रतिशत | कूल | पुरुष | महिला |
| १. | ओखलढुंगा | क्षेत्री | २१.०४० | २९३६२ | १४३८५ | १४९७७ |
| | | मगर | ११.५०० | १६०४८ | ७६२२ | ८४२६ |
| | | तामाङ | १०.४८२ | १४६२८ | ७१५४ | ७४७४ |
| | | राई | ९.९३५ | १३८६५ | ६७४७ | ७११८ |
| | | ब्राम्हण | ९.१९० | १२८२५ | ६३५० | ६४७५ |

| क्र.सं. | जिल्ला | जात/जाति | जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रतिशत | कूल | पुरुष | महिला |
| | | शेर्पा | ८.४७५ | ११८२७ | ५९०५ | ५९२२ |
| | | नेवार | ६.२६४ | ८७४२ | ४२२१ | ४५२१ |
| | | विश्वकर्मा | ४.२६४ | ५९५० | २८४७ | ३१०३ |
| | | सुनुवार | ३.६८५ | ५१४२ | २५५८ | २५८४ |
| | | परियार | ३.३८९ | ४७३० | २२२६ | २५०४ |
| | | मिजार | ३.१६९ | ४४२२ | २१४३ | २२७९ |
| | | बाहिङ | २.४९७ | ३४८५ | १६९९ | १७८६ |
| | | घर्ती/भुजेल | २.२०३ | ३०७४ | १५२१ | १५५३ |
| | | गुरुङ | १.५७४ | २१९६ | १०३७ | ११५९ |
| | | माझी | ०.७९९ | १११५ | ५३९ | ५७६ |
| | | सन्यासी/दसनामी | ०.६९४ | ९६९ | ४७३ | ४९६ |
| २. | सोलुखुम्बु | क्षेत्री | २१.०४० | २९३६२ | १४३८५ | १४९७७ |
| | | मगर | ११.५०० | १६०४८ | ७६२२ | ८४२६ |
| | | तामाङ | १०.४८२ | १४६२८ | ७१५४ | ७४७४ |
| | | राई | ९.९३५ | १३८६५ | ६७४७ | ७११८ |
| | | ब्राम्हण | ९.१९० | १२८२५ | ६३५० | ६४७५ |
| | | शेर्पा | ८.४७५ | ११८२७ | ५९०५ | ५९२२ |
| | | नेवार | ६.२६४ | ८७४२ | ४२२१ | ४५२१ |
| | | विश्वकर्मा | ४.२६४ | ५९५० | २८४७ | ३१०३ |
| | | सुनुवार | ३.६८५ | ५१४२ | २५५८ | २५८४ |
| | | परियार | ३.३८९ | ४७३० | २२२६ | २५०४ |
| | | मिजार | ३.१६९ | ४४२२ | २१४३ | २२७९ |
| | | बाहिङ | २.४९७ | ३४८५ | १६९९ | १७८६ |
| | | घर्ती/भुजेल | २.२०३ | ३०७४ | १५२१ | १५५३ |
| | | गुरुङ | १.५७४ | २१९६ | १०३७ | ११५९ |
| | | माझी | ०.७९९ | १११५ | ५३९ | ५७६ |
| | | सन्यासी/दसनामी | ०.६९४ | ९६९ | ४७३ | ४९६ |

Source: National Population and Housing Census -2021, Nepal.

## १.१७ जिल्लाभित्रको स्थानीय तह र केन्द्र

| क्र.सं. | जिल्ला | स्थानीय तह | केन्द्र | कैफियत |
|---|---|---|---|---|
| १ | ओखलढुंगा | सिद्धिचरण नगरपालिका | ओखलढुंगा | |
| | | चिशंखुगढी गाउँपालिका | सेर्ना | |
| | | मानेभन्ज्याङ गाउँपालिका | मानेभन्ज्याङ | |
| | | मोलुङ गाउँपालिका | प्राप्चा | |
| | | सुनकोशी गाउँपालिका | मुलखर्क | |
| | | चम्पादेवी गाउँपालिका | कालिका | |
| | | लिखु गाउँपालिका | यसम | |
| | | खिजिदेम्बा गाउँपालिका | खिजिदेम्बा | |
| २ | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका | सल्लेरी | |
| | | नेचासल्यान गाउँपालिका | नेचा | |
| | | सोताङ गाउँपालिका | सोताङ | |
| | | महाकुलुङ गाउँपालिका | बुङ | |
| | | थुलुङ दुधकोशी गाउँपालिका | मुक्ली | |
| | | माप्य दुधकोशी गाउँपालिका | बासा, खास्ताप | |
| | | लिखुपिके गाउँपालिका | चौलाखर्क | |
| | | खुम्बु पासाङल्हामु गाउँपालिका | चौरीखर्क | |

## खण्ड-२

# कृषि विकास रणनीति र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## २.१. पृष्ठभूमि (Background)

नेपालको आगामी २० वर्षीय कृषि विकासलाई मार्गदर्शन गर्ने रणनीतिको रूपमा कृषि विकास रणनीति सन् २०१५ देखि २०३५ सम्म लागू गरिएको छ। यस रणनीतिले आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी एवम् समावेशी कृषि विकास गरी देशको आर्थिक समृद्धि तथा कृषकहरूको जीवनस्तर उकास्ने सोच लिएको छ। यसै रणनीति कार्यान्वयनको सहयोगी परियोजना/कार्यक्रमको रूपमा नेपाल सरकार मन्त्रीपरिषद्‌बाट स्वीकृत भई आ.व. २०७३/७४ देखि देशै भरी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको नामले लागू गरिएको थियो। हाल उक्त परियोजनाको नाम संशोधन भई आ.व. २०८२/८३ देखि राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको नामले देशैभरी नै सञ्चालित छ। नेपाल सरकारको लगानीमा सञ्चालित यस कार्यक्रम स्वदेशी सोच, स्वदेशी लगानी तथा स्वदेशी जनशक्ति परिचालन र सम्पन्न गर्ने गरी कार्यान्वयनमा ल्याइएको छ।

कार्यक्रम दस्तावेजले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल हुन नसक्नुका कारणहरूमा आर्थिक रूपले सक्रिय जनशक्ति दिनानुदिन विदेशिने क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा बढ्दै गइरहेको श्रम शक्तिको अभाव, कृषि उत्पादनमा बढ्दो लागत, जग्गाको खण्डीकरण तथा उर्वरभूमिको गैर कृषि प्रयोग, जलवायु परिवर्तनको नकारात्मक प्रभाव, उत्पादन सामग्रीहरूको अपर्याप्त आपूर्ति, ग्रामिण भौतिक पूर्वाधारहरूको अपर्याप्तता, साना खण्डित र अव्यस्थित भू-उपयोग अवस्था, आवश्यक ज्ञान, प्रविधि तथा श्रमशक्ति सर्वसुलभ नहुनु, कृषि उत्पादन विविधिकरण, प्रतिस्पर्धी र बजारमुखी हुन नसक्नु, जीवनासक विषादीको सुरक्षित प्रयोगबारे प्रर्याप्त जानकारी नहुनु, अनुसन्धान, शिक्षा र प्रसारबीचको त्रिपक्षीय सम्बन्धलाई मजबुत तुल्याई अनुसन्धानबाट विकास भएका प्रविधिहरू प्रर्याप्त मात्रामा विस्तार हुन नसक्नु उल्लेख गरेको छ। गुणस्तरीय कृषि उत्पादन सामग्रीहरूको उपलब्धता सुनिश्चित गर्न नसक्नु, कृषि उपज उत्पादनमा यान्त्रीकरण अवलम्बन हुन नसक्नु र कृषि विकासका लागि आवश्यक सिँचाइ, कृषि सडक, ग्रामिण विद्युतिकरण, कृषि उद्योगहरूसँगको समन्वयको अभाव रहँदै आएको तथा बजारमुखी उत्पादन हुन नसकेकोले कृषि व्यवसायको रूपमा नभई सर्वसुलभ रूपमा मात्र अवलम्बन गरिँदै आएको छ।

यिनै पृष्ठभूमिलाई मध्यनजर गदै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनको लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था, बाली वस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका क्रियाकलापमार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना गरिएको छ। यस कार्यक्रमको सोच लक्ष्य लगायतका विषयहरू तल उल्लेख गरिएको छ।

## सोच

कृषिमा आधारीत अर्थतन्त्रबाट कृषि जन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

### लक्ष्य

समग्र कृषि मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरणमा उन्मुख दिगो आर्थिक अवयवहरू सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने।

### उद्देश्य

१. प्रमुख कृषि उपजहरूको विशिष्टिकृत क्षेत्रहरूको निर्धारण गर्ने।

२. निर्यात योग्य कृषि वस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

३. कृषिलाई सम्मानजनक नाफामुखी व्यबसायका रूपमा विकास गर्दै रोजगारका अवसरहरू सृजना गर्ने।

४. बहुसरोकारवाला निकायहरूबीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने।

## २.२. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको रणनीतिहरू

- भूमिको वैज्ञानिक उपयोग
- आधुनिक कृषि प्रविधिहरूको अवलम्बन
- कृषि यान्त्रीकरण
- कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास
- कृषि अनुसन्धान, शिक्षा, प्रसार प्रणालीको सुदृढ समन्वय एवम् आधुनिकीकरण
- प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अभिवृद्धि
- वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन

## २.३. कार्यक्रमका सम्भागहरू

- साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम
- व्यावसायिक कृषि उत्पादक केन्द्र (ब्लक) विकास कार्यक्रम
- व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम
- बृहत व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम

## २.४. कार्यक्रम सञ्चालनको अवधारण

- कृषियोग्य जमिनको चक्लाबन्दी
- विशिष्टिकृत व्यावसायीकरण
- उन्नत प्रविधि र गुणस्तरीय पूर्वाधार विकास
- अन्तराष्ट्रिय रूपमा बजारमा प्रतिस्पर्धी कृषि र औद्योगीकरण
- उपलब्धिमा आधारित सहजीकरण (Smart output based facilitation)

## २.५. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम किन ?

नेपालको संविधानले खाद्यसम्बन्धी हकलाई जनताको मौलिक हकका रूपमा स्थापित गरिसकेको, दिगो आत्मनिर्भर एवम् व्यावसायिक कृषि क्षेत्रको परिकल्पनासहित कृषि विकासको २० वर्षे रणनिति (ADS), बढ्दो आयत र घट्दो निर्यातले चुलिँदै गएको व्यापार घाटाले कृषि आश्रित नेपालको समग्र अर्थतन्त्र नै धरासायी बन्दै गइरहेको, देशको युवाशक्ति बढ्दै गएको विदेश पलायनले श्रम शक्तिको अभाव र खेतीयोग्य कृषि भूमि बाँझो रहने क्रम बढि रहेको, कृषि विकास मन्त्रालयका प्रतिवद्धताहरूमा कृषिको आधुनिकीकरण र व्यावसायीकरणका लागि विशिष्टकृत कृषि उत्पादन क्षेत्रहरूको विकास गरिने उल्लेख भएको, सरोकारवालाहरूसँगको समन्वय प्रभावकारी हुन नसकेको कृषिको व्यावसायीकरणमार्फत औद्योगिकरणमा रूपान्तरणका लागि भौगोलिक सम्भाव्यता र तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरूमा एकीकृत रूपमा सघन कृषि विकासका कार्यक्रमहरू सञ्चालन गर्नु आजको प्रमुख आवश्यकता रहेको छ।

## २.६. सहयोगी निकायहरू

१. अर्थ मन्त्रालय
२. उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
३. वन तथा बातावरण मन्त्रालय
४. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
६. शहरी विकास मन्त्रालय
७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## २.७. व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम

जोन भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरू तोकिएको बालीमा न्यूनतम ५०० हेक्टरमा सञ्चालन भएको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र सम्झनु पर्दछ।

### २.७.१. व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रमको उद्देश्यहरू

- जोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।
- जोन क्षेत्रमा कृषि यान्त्रीकरण, कृषि पूर्वाधार विकास एवम् व्यवसायीकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरूको स्थापनामार्फत कृषि आधुनिकीकरणको आधारशीला तयार गर्ने।
- जोन तथा आसपासका क्षेत्रहरूमा रोजगारी सृजना गर्ने।

### २.७.२ व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) निर्माण प्रक्रिया

जोन क्षेत्र निर्माण लागि देहाय सेवा सुविधा र पूर्वाधारहरू भएको हुनुपर्नेछः

- सडकको पहुँच भएको वा हुन सक्ने।
- सिँचाइको उपलब्धता भएको वा हुन सक्ने।

- विद्युतको उपलब्धता भएको वा हुन सक्ने।
- तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा सक्ने वा एउटै कोरिडोरमा रहेको।
- वित्तीय संस्थाहरूको पहुँजमा भएको।
- बजार उपलब्धता भएको वा हुन सक्ने।

## २.८. पकेट, ब्लक, जोन तथा सुपरजोनबीचको अन्तर सम्बन्ध

| | |
|---|---|
| **पकेट** | **उत्पादन कार्य-** कृषि वस्तुहरूको प्राथमिक उत्पादन<br>**कृषि प्रसार कार्य-** नविनतम् कृषि प्रविधिको प्रसार |
| **ब्लक** | **उद्यम विकास कार्य –** फर्म रजिष्ट्रेशन तथा कृषि व्यावसाय विकास<br>**वृद्धि प्रवर्द्धन कार्य –** उत्पादकतत्व अभिवृद्धि<br>**मानव स्रोत साधन व्यवस्थापन कार्य –** कृषि उद्यम विकास<br>**प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण –** सहकाभागितात्मक व्यावसायिक उत्पादन प्रदर्शन |
| **जोन** | **बजारीकरण कार्य –** कृषि उद्योगजन्य उद्योगका लागि आवश्यक कच्चा पदार्थको बजारीकरण<br>**प्रशोधन कार्य**<br>**उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ उत्पादनका लागि प्राथमिक भण्डारण कार्य-** सङ्कलन<br>**स्रोत केन्द्र विकास कार्य –** उत्पादन सामग्री उत्पादन |
| **सुपरजोन** | **औद्योगिक कार्य –**अन्तिम रूपमा उपयोग वस्तुको उत्पादन<br>**अनुसन्धान कार्य –**नव प्रवर्तन तथा अनुसन्धान<br>**शैक्षिक कार्य –**प्रशोधित उपजको बजारीकरण<br>**नियामक कार्य –** गुणस्तर नियन्त्रण र अनुसन्धान |

## २.९. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगाको स्वीकृत साङ्ठानिक संरचना

**प्रमुख**
(रा.प.द्वि.प्रा.)
कृषि/समूहकृत नहुने

**प्राविधिक सेवा**
कृषि अधिकृत (रा.प.तृ.प्रा), समूहकृत नहुने -१
पशु विकास अधिकृत (रा.प.तृ.), समूहकृत नहुने -१
ना.प्रा.स. (रा.प.अनं.द्वि.प्रा.), समूहकृत नहुने - २
ना.प.से.प्रा. (रा.प.अनं.द्वि.प्रा.), समूहकृत नहुने -२

**प्रशासन सेवा**
नायब सुब्बा (रा.प.अनं.प्र.(प्र.)) -१
लेखापाल, (रा.प.अनं.प्र.(प्र.)) - १
हलुका सवारी चालक (श्रेणीविहीन) -१
कार्यालय सहयोगी (श्रेणीविहीन) -३

**जोन प्राविधिक एकाइ, सोलुखुम्बु**
कृषि अधिकृत (रा.प.तृ.प्रा.), समूहकृत नहुने - १
ना.प्रा.स.(रा.प.अनं.द्वि.प्रा), समूहकृत नहुने - ६
कार्यालय सहयोगी (श्रेणीविहीन) - १

**कूल दरवन्दी सङ्ख्या- २१**


## २.१०. कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगामा हाल कार्यरत जनशक्ति विवरण

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | श्रेणी | सेवा | समूह | आ.व. २०८१/८२ को स्वीकृत दरबन्दी सङ्ख्या | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | पदपूर्ति | रिक्त |
| १ | रिक्त | वरिष्ठ कृषि अधिकृत | रा.प.द्वि.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | ० | १ |
| २ | हेम बहादुर आले मगर | कृषि अधिकृत | रा.प.तृ.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | १ | ० |
| ३ | रिक्त | कृषि अधिकृत | रा.प.तृ.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | ० | १ |
| ४ | रिक्त | पशु विकास अधिकृत | रा.प.तृ.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | ० | १ |
| ५ | रमिता माझी | नायव सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | ० |
| ६ | एबीन बास्तोला | लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ | ० |
| ७ | लीला कुमार श्रेष्ठ | ना.प्रा.स. | रा.प.अनं.द्वि.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | १ | ० |
| ८ | सरिता दाहाल | ना.प्रा.स. | रा.प.अनं.द्वि.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | १ | ० |
| ९ | संजय बस्नेत | ना.प्रा.स. | रा.प.अनं.द्वि.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | १ | ० |
| १० | कविता मगर | ना.प्रा.स. | रा.प.अनं.द्वि.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | १ | ० |
| ११ | योगेन्द्र श्रेष्ठ | ना.प्रा.स. | रा.प.अनं.द्वि.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | १ | ० |
| १२ | निलम गुरुङ | ना.प्रा.स. | रा.प.अनं.द्वि.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | १ | ० |
| १३ | डम्बर जि.सी. | ना.प्रा.स. | रा.प.अनं.द्वि.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | १ | ० |
| १४ | ललिता कुमारी मण्डल | ना.प्रा.स. | रा.प.अनं.द्वि.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | १ | ० |
| १५ | रिक्त | ना.प.से.प्रा. | रा.प.अनं.द्वि.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | ० | १ |
| १६ | रिक्त | ना.प.से.प्रा. | रा.प.अनं.द्वि.(प्रा) | नेपाल कृषि | समूहकृत नहुने | ० | १ |
| १७ | जनक तामाङ | ह.स.चा. | प्रथम | नेपाल ई. | मेकानिकल | १ | ० |
| १८ | मिन बहादुर बाँनिया | कार्यालय सहयोगी | श्रेणी विहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | ० |
| १९ | कृष्ण बहादुर खत्री | कार्यालय सहयोगी | श्रेणी विहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | ० |
| २० | कल्पना गुरुङ | कार्यालय सहयोगी | श्रेणी विहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | ० |
| २१ | सन्तोष नाछिरिङ | कार्यालय सहयोगी | श्रेणी विहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | ० |

## २.११. आ.व. २०८२/८३


| क्र.सं. | पूर्वाधार | सङ्ख्या | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | भवन | ० | भाडामा | |
| २ | गाडी | १ | चालु | |
| ३ | मोटरसाईकल | ८ | ५ चालु | |
| ४ | ल्यापटप | ६ | ५ चालु | |
| ५ | डेस्कटप | ६ | ६ चालु | |
| ६ | प्रिन्टर | ८ | ८ चालु | |
| ७ | प्रोजेक्टर | १ | १ चालु | |

## २.१२. कार्यक्रमको शुरु वर्षदेखि हालसम्मको बजेट विनियोजन र खर्चको विवरण (सोलुखुम्बु)




| | 073/074 | 074/075 | 075/076 | 076/077 | कुल |
|---|---|---|---|---|---|
| बजेट (रु.हजारमा) | 11528 | 21712 | 32207 | 55097 | 120544 |
| खर्च (रु.हजारमा) | 9683.5 | 19106.6 | 26087.7 | 44077.6 | 98955.4 |
| खर्च प्रतिशत | 84.0 | 88.0 | 81.0 | 80.0 | 82.1 |

## २.१३. कार्यक्रमको शुरु वर्षदेखि हालसम्मको बजेट विनियोजन र खर्चको विवरण (ओखलढुंगा/सोलुखुम्बु)




| | 073/74 | 074/75 | 075/76 | 076/77 | 077/78 | 078/79 | 079/80 | 080/81 | 081/82 | 082/83 | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बजेट (रु.हजारमा) | 0.0 | 0.0 | 6984 | 13295 | 53768 | 86400 | 64023.74 | 43933 | 58229 | 60753 | 387385.7 |
| खर्च (रु.हजारमा) | 0.0 | 0.0 | 5483.83 | 6780.45 | 40272.23 | 63936 | 49362.3 | 33046.4 | 47628.66 | 38288.81 | 284798.7 |
| खर्च प्रतिशत | 0 | 0 | 78.5 | 51.0 | 74.9 | 74.0 | 77.1 | 75.2 | 81.8 | 63.0 | 73.5 |

# खण्ड-३

## ३.१. जोनगत प्रगति विवरण

### ३.१.१. ओखलढुंगा र सोलुखुम्बु जिल्लामा सञ्चालित बाली विशेष जोन विवरण

| क्र.सं. | जिल्ला | बाली/वस्तु | शुरुवात वर्ष | कार्यक्रम शुरुवात हुँदाको क्षेत्रफल | हालको क्षेत्रफल/ सङ्ख्या | बृद्धि (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ओखलढुंगा | आलु | २०७५/७६ | ७९१ | १९१८ | ५८.८ | |
| २ | ओखलढुंगा | बाख्रा | २०७८/७९ | ३७५६ | १५४५१ | ७५.७ | |
| ३ | सोलुखुम्बु | किवी | २०७५/७६ | ७५ | १६८.४ | ५५.५ | |
| ४ | सोलुखुम्बु | स्याउ | २०७८/७९ | ९ | १५ | ४०. | |
| | | ओखर | | २ | १९.६ | ८७.५ | |
| ५ | सोलुखुम्बु | सुन्तला | २०७३/७४ | ८३ | ४७५.७ | ८२.६ | |
| ६ | सोलुखुम्बु | अदुवा/बेसार | २०७५/७६ | ९८ | २७१ | ६३.८ | |

### ३.१.२. जोनको कमाण्ड क्षेत्र

| क्र. सं. | जोन/ सुपरजोन | कार्यक्षेत्र | पालिका र वडा सङ्ख्या |
|---|---|---|---|
| १ | आलु जोन | सिद्धिचरण न.पा. ५,६,७, मोलुङ गा.पा. ६,७,८, खिजीदेम्बा गा.पा. ६,७,८,९ | पालिका सङ्ख्या ५ |
| | | चिशंखुगढी गा.पा.७ र सोलुदुधकुण्ड न.पा. ८,९,१०,११ | वडा सङ्ख्या १५ |
| २ | बाख्रा जोन | मानेभन्ज्याङ गा.पा. सबै वडा, सुनकोशी गा.पा.१,२,३,४,६,८ चम्पादेवीगा.पा.१,२,६,७,८,९,१०, सिद्धिचरण न.पा १,२,३, चिसंखुगढी गा.पा.१,३,४,५,६,८ | पालिका सङ्ख्या ५<br>वडा सङ्ख्या ३१ |
| ३ | किवी जोन | सोलु दुधकुण्ड न.पा सबै वडा, थुलुङ दुधकोशी गा.पा. सबै वडा, नेचासल्यान गा.पा. सबै वडा, खुम्बु पासाङल्यामु गा.पा. वडा नं. १ र माप्य दुधकोशी गा.पा. १,२,३,४,५,७ | पालिका सङ्ख्या ५<br>वडा सङ्ख्या ३२ |
| ४ | स्याउ/ओखर | स्याउः सोलुदुधकुण्ड न.पा.२,४,५,६,८,९ र लिखुपिके गा.पा.१,५ | पालिका सङ्ख्या २<br>वडा सङ्ख्या ८ |
| | | ओखरः सोलुदुधकुण्ड न.पा ५ र ६, लिखुपिके गा.पा.१,३,४,५, थुलुङ्गदुधकोशी गा.पा. सबै वडा, माप्यदुधकोशी गा.पा. वडा नं.६, नेचासल्यान गा.पा. वडा नं. २,३,४ र सोताङ गा.पा. सबै वडा | पालिका सङ्ख्या ६<br>वडा सङ्ख्या २४ |
| ५ | सुन्तला | सिद्धिचरण न.पा वडा नं. ३,४, चिसंखुगढी गा.पा. वडा नं. २,३, थुलुङ दुधकोशी गा.पा.२,३,६,७,८ र माप्यदुधकोशी गा.पा.४,५ | |
| ६ | अदुवा/बेसार | थुलुङ दुधकोशी गा.पा. १,२,३,४,५,९, नेचासल्यान गा.पा. सबै वडा, सोताङ्ग गा.पा. सबै वडा, चिसंखुगढी गा.पा. वडा नं. २,३ र मोलुङ्ग गा.पा. वडा नं. २ | पालिका सङ्ख्या ५ |

## ३.१.३. जोनमा सूचीकृत संस्थाहरूको विवरण (सहकारी/समूह/कृषि उद्यमी/कम्पनी/ प्राविधिक शिक्षालय

| क्र.सं. | जोन | जिल्ला | सूचीकृत संस्थाहरू (आ.व. २०८२/८३ सम्म) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | समूह | सहकारी | निजी उद्यमी | अन्य | जम्मा |
| १ | आलु | ओखलढुंगा र सोलुखुम्बु | ११४ | १८ | ४७ | ० | १७९ |
| २ | बाख्रा | ओखलढुंगा | ३१ | ६ | १६९ | ३ | २०९ |
| ३ | किवी | सोलुखुम्बु | ३६ | १ | २५९ | १ | २९७ |
| ४ | स्याउ/ओखर | सोलुखुम्बु | २२ | ३ | ६१ | २ | ८८ |
| ५ | सुन्तला | ओखलढुंगा र सोलुखुम्बु | ३ | २ | २२ | २ | २९ |
| ६ | अदुवा/बेसार | ओखलढुंगा र सोलुखुम्बु | ४९ | २ | ८५ | ० | १३६ |
| | कूल | | २५५ | ३२ | ६४३ | ८ | ९३८ |

## ३.१.४. प्रमुख गतिविधिहरू (Major Activities)

### ३.१.४.१. परियोजना अवधिमा सञ्चालन भएका क्रियाकलापहरू

| क्र. सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | आलु जोन | आलु भण्डारण घर निर्माण सहयोग कार्यक्रम (रष्टिक स्टोर निर्माण) | सङ्ख्या | १ | २०७७/७८ | सेतीदेवी अगुवा आलु खेती कृषक समूह, सिद्धिचरण न.पा. ६, ठाडे मा PPGI (PUF Pannel) ३० मे.टन क्षमताको रष्टिक स्टोर निर्माण | |
| | | | सङ्ख्या | १ | २०७५/७६ | जलेश्वरी कृषक समूह, सिद्धिचरण न.पा. ७, टोडकेमा ढुंगा, माटो र काठबाट निर्मित ३ मे.टन क्षमताको रष्टिक स्टोर निर्माण | |
| | | | सङ्ख्या | १ | २०८०/८१ | शेर्पा कृषक समूह, सिद्धिचरण न.पा. ७, माझखर्कमा ढुंगा, माटो र काठ बाट निर्मित ५ मे.टन क्षमताको रष्टिक स्टोर निर्माण | |
| | | | सङ्ख्या | १ | २०८१/८२ | ग्रिन भ्याली ताजा तरकारी कृषक समूह, सिद्धिचरण न.पा. ७, टक्सारमा ढुंगा, माटो र काठबाट निर्मित ८ मे.टन क्षमताको रष्टिक स्टोर निर्माण | |
| | | | सङ्ख्या | १ | २०८१/८२ | बौद्ध कृषक समूह, चिशंखुगढी गा.पा. ७, ठूलढुंगा टक्सारमा ढुंगा, माटो र काठबाट निर्मित ८ मे.टन क्षमताको रष्टिक स्टोर निर्माण | |
| | | | सङ्ख्या | १ | २०८१/८२ | नव लालिगुराँस कृषि सहकारी संस्था लि.सोलुदुधकुण्ड न.पा.११, तिङ्लाटक्सारमा ढुंगा, माटो र काठ बाट निर्मित ८ मे. टनक्षमताको रष्टिक स्टोर निर्माण | |
| | | | सङ्ख्या | १ | २०८२/८३ | जलेश्वरी कृषक समूह, सिद्धिचरण न.पा. ७, टोड्के टक्सारमा ढुंगा, माटो र काठबाट निर्मित ८ मे. टनक्षमताको रष्टिक स्टोर निर्माण | |
| | | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | | | | सिँचाइ पोखरी निर्माण, सिँचाइ पाइप सहयोग | |

| क्र. सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्याकेजिङ, लेवलिङ तथा पोष्टहार्भेष्ट न्यूनीकरण कार्यक्रम (प्याकेजिङ बोरा, सिलिङ मेसिन, क्रेट) | | | | आलु लेवलिङ, प्याकेजिङ, ब्राण्डिङ गर्न बोरा, तराजु, क्रेट, सिलिङ मेसिन खरिदमा सहयोग | |
| | | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | | | | स-साना कृषि मेसिनरीहरू आलु ग्रडिङ मेसिन, मिनिटिलर, कम्वाइन मिल, स्प्रेयर, डिजिटल तराजु खरिदमा सहयोग | |
| | | चक्लाबन्दीमा आधारित खेतीमार्फत उत्पादन बृद्धिका लागि सहयोग | हेक्टर | ६ | २०७९/८० | शेर्पा कृषक समूह, सिद्धिचरण न.पा. ७, माझखर्क, ओखलढुंगामा आलु बालीमा चक्लाबन्दी सञ्चालन भएका थियो। उन्नत जातको आलु बीउ (जनकदेव, रोजिता, कार्डिनल, डेजिरे) खरिद, आलु ग्रेडिङ मेसिन, सिँचाइ पूर्वधार निर्माण, कृषि यान्त्रिकरण (मिनिटिलर, तौल मेसिन, स्प्रेयर) सहयोग भएको | |
| | | | हेक्टर | ७ | २०८१/८२ | इष्टर्न माउण्टेन अर्गानिक कफी विन्स प्रा.लि. सिद्धिचरण न.पा. १२, गोगुने, ओखलढुंगामा कफी चक्लाबन्दी सञ्चालन भएको थियो। कफी वगैंचालाई सिँचाइ गर्न ४८ हजार क्षमताको १ वटा आर.सि.सि. सिँचाइ पोखरी निर्माण। कफी खेती ७ हेक्टर क्षेत्रफलमा विस्तार भएको। ३-५ वर्षपछि १.५ मे.टन प्रति हेक्टर फ्रेस चेरी उत्पादन हुने अपेक्षा गरिएको । | |
| | | रैथाने बाली/जात प्रवर्द्धनका लागि बजारीकरण सहयोग | पटक | १ | २०८२/८३ | प्रतिक्षा कृषि तथा पशुपन्छी फर्म. सिद्धिचरण न.पा. ८, लगलगे, ओखलढुंगामा रैथाने बाली बिक्री केन्द्र स्थापना भएको। डेकोरेशन, कम्वाइन मिल, सिलिङ मेसिन, प्याकेजिङ थैला लगायतका सामग्रीहरू सहयोग भई सुचारु रूपले सञ्चालन भइरहेको | |

| क्र. सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | आलु बालीमा नविनतम प्रविधि प्रर्दशन तथा स्थलगत तालिम | सङ्ख्या | १० | | आलुको जातिय तुलनात्मक प्रदर्शन, मल्चिङ प्रविधि प्रदर्शन, जैविक मल तथा विषादी प्रयोग प्रदर्शन गरी कृषकस्तरमा प्रविधि हस्तान्तरण गरेको | |
| | | आलुको बीज बृद्धि कार्यक्रम (PBS बीउबाट) | | | | PBS बीउ अनुदानमा सहयोग | |
| | | कृषक पाठशाला सञ्चालन | सङ्ख्या | १ | २०८२/८३ | सुर्के पोक्तिङ जल उपभोक्ता समिति सिद्धिचरण नगरपालिका वडा न. ७ सुर्केमा आलु बालीमा एकीकृत शत्रुजीव ब्यवस्थापन (IPM) पाठशाला सञ्चालन भई कृषकहरूले ज्ञान, सीप हासिल गरेको। | |
| | | जिल्लास्तर तालिम, आलु बीउविजन तालिम र स्थलगत घुम्ती तालिम | | | | आलु खेती प्रविधि, बीउ आलु उत्पादन प्रविधि, पोष्टहार्भेष्ट क्षति न्यूनीकरण, भण्डारण र प्रशोधन सम्बन्धी कृषकहरूले ज्ञान, सीप हासिल गरेको | |
| | | आकस्मिक बाली संरक्षण सेवा | | | | आलु बाली क्षति न्यूनीकरणको लागि आकस्मिक रूपमा कृषकको खेतबारीमा देखिएका रोग, कीरा व्यवस्थापन गर्न रासायनिक, जैविक विषादी, स्प्रेयर लगायतका सामग्री सहयोग गरेको | |
| | | बाली तथा वस्तुको उत्पादकत्व निर्धारण (क्रप कटिंङ) | | | | आलु बालीको क्रप कटिङ गरी बालीको उत्पादन र उत्पादकत्व आँकलन गरिएको | |
| | | भकारो सुधार कार्यक्रम | | | | गोठेमल सुधार भई माटोको उर्वराशक्ति सुधारमा टेवा पुगेको | |
| २. | सुन्तला जोन | उन्नत प्रविधिसहित क्षेत्रफल विस्तार | हेक्टर | ३९२.७ | | जोन शुरुवाती बर्षमा ८३ हेक्टर क्षेत्रफल रहेकोमा ३९२.७ हेक्टर क्षेत्रफल विस्तार भई जम्मा ४७५.७ हेक्टर पुगेको | |
| | | सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | | | | सिँचाइ पोखरी निर्माण, सिँचाइ पाइप र थोपा सिँचाइ प्रविधि जडान तथा स्थापनामा गरिएको | |

| क्र. सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्याकेजिङ, लेवलिङ तथा पोष्टहार्भेष्ट न्यूनीकरण कार्यक्रम | सङ्ख्या | १ | २०७७/७८ | थुलुङ दुधकोशी गा.पा.-८, देउसा, सोलुखुम्बुमा सुन्तला भण्डारणको लागि १ वटा पक्की भण्डारण घर निर्माण भई सुन्तला भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०८१/८२ | अर्गानिक फलफूल तरकारी खेती तथा प्रशोधन उद्योग, सिद्धिचरण न.पा. ३, ओखलढुंगा (प्रो. सुशिला कोइराला खनाल) मा ५ मे.टन क्षमताको कोल्ड च्याम्बर १ वटा जडान तथा स्थापना। सुन्तला भण्डारण २-३ महिना भण्डारण गरी बिक्री गर्दा ३०-४० प्रतिशतसम्म प्रति kg मूल्यमा वृद्धि भई लाभन्वित भएको | |
| | | | सङ्ख्या | १ | २०८१/८२ | दुधकोशी बहुउद्देश्यीय फलफूल नर्सरी तथा उत्पादन फार्म, थुलुङ दुधकोशी गा.पा.-८, सोलुखुम्बु (प्रो.युवराज राई) मा ५ मे.टन क्षमताको कोल्ड च्याम्बर १ वटा जडान तथा स्थापना। सुन्तला भण्डारण २-३ महिना भण्डारण गरी बिक्री गर्दा ३०-४० प्रतिशतसम्म प्रति kg मूल्यमा वृद्धि भई लाभान्वित भएको | |
| | | | सङ्ख्या | १ | २०८२/८३ | राजकुमार फलफूल नर्सरी कृषि फर्म, थुलुङ दुधकोशी गा.पा.-८, सोलुखुम्बु (प्रो.राजकुमार राई) मा ५ मे.टन क्षमताको कोल्ड च्याम्बर १ वटा जडान तथा स्थापना ।सुन्तला भण्डारण २-३ महिना भण्डारण गरी बिक्री गर्दा ३०-४० प्रतिशतसम्म प्रति kg मूल्यमा वृद्धि भई लाभन्वित भएको | |
| | | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | | | | विभिन्न कृषि यान्त्रिकरणका सामग्रीहरू (मिनिटिलर, स्पेयर्स, भर्याङ, डिजिटल काटा, सिकेचर, आरी आदि) मार्फत उत्पादन लागतमा कमि आएको | |
| | | चक्लाबन्दीमा आधारित खेतीमार्फत उत्पादन वृद्धिका लागि सहयोग | हेक्टर | ५ | २०७७/७८ | वाप्सा तामाखानी कृषक समूह, माप्यदुधकोशी गा.पा. ६, वाकुमा सुन्तला बालीमा सञ्चालन भई सुन्तला क्षेत्रफल विस्तार (बिरुवा, रोपण, मल), सिंचाइ क्रियाकलापहरू सञ्चालन भएको | |

| क्र. सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | हेक्टर | ५ | २०८०/८१ | एभरेष्ट बहुउद्देश्य सहकारी संस्था लि., माप्यदुधकोशी गा.पा. ४ काकु, सोलुखुम्बुमा सञ्चालन भई ५ हेक्टरमा कफी खेती क्षेत्र विस्तार, सिँचाइ निर्माण, कफी छहारी व्यवस्थापन क्रियाकलापहरू सञ्चालन भएको | |
| | | | हेक्टर | ५ | २०८२/८३ | श्री दिगो कफी सुन्तला तथा फलफफूल सहकारी संस्था, थुलुङ दुधकोशी गा.पा. ८ सोलुखुम्बुमा सञ्चालन ५ हेक्टरमा कफी क्षेत्र विस्तार, सिँचाइ पोखरी निर्माण ३ वटा (४२ हजार लि. क्षमताको), पल्पिङ्ग मेसिन १ वटा, कफी छहारी व्यवस्थापन क्रियाकलापहरू सञ्चालन भएको | |
| | | | हेक्टर | ५ | २०८२/८३ | काकु बहुउद्देश्यीय कृषि तथा पशुपन्छी विकास व्यवस्थापन कृषक समूह, माप्यदुधकोशी गा.पा. ४ सोलुखुम्बुमा ५ हेक्टरमा अलैंची क्षेत्रफल विस्तार, सिँचाइ पोखरी निर्माण २ वटा (३८ हजार लि.), अलैंची सुकाउने भट्टी १ वटा, स्प्रेयर, डिजिटल काटा १ थान, स्प्रिकल लगायतका क्रियाकलापहरू सञ्चालन भएको | |
| | | कोसेली घर स्थापना तथा सञ्चालन सहयोग | सङ्ख्या | १ | २०८२/८३ | सुन्तला, किवी , कफी, रैथाने बाली, स्थानीय हस्तकला लगायतका सामग्रीहरू सङ्कलन, बिक्री वितरणको लागि थुलुङ दुधकोशी गा.पा. ८, देउसामा कोशेली घर स्थापना गरिएको। ड्रायर मेसिन, कम्वाइन मिल, डिफ्रिज, सिलिङ मेसिन लगायतका सामग्री सहयोग भएको | |
| | | सुन्तलाको पिसिआर परीक्षण | सङ्ख्या | २६ | | सुन्तला जोनको विभिन्न क्षेत्रका सुन्तला बगैंचाको नमुना सङ्कलन, पि.सि.आर. परीक्षण गरी सिट्रस ग्रिनिङ रोग र क्षेत्र पहिचान भएको र कृषकहरूलाई जानकारी गरी बगैंचा व्यवस्थापन तथा नष्ट गर्न सुझाव दिइएको | |

| क्र. सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | आकस्मिक बाली संरक्षण सेवा | | | | सुन्तला बाली क्षति न्यूनीकरणको लागि आकस्मिक रूपमा कृषकको खेतबारीमा देखिएका रोग, कीरा व्यवस्थापन गर्न रासायनिक, जैविक विषादी, स्प्रेयर लगायतका सामग्री सहयोग गरेको | |
| | | सुन्तला बालीको लागि आवश्यक बाली संरक्षण सामग्रीहरू खरिद सहयोग कार्यक्रम | | | | सुन्तला बगैंचामा लाग्ने रोग, कीरा व्यवस्थापनको लागि बोर्डो पेन्ट, मिनिरल आयल, ढुंसिनासक बिषादी, प्रोटिन बेट, फेरोमेन ट्र्याप, स्ट्रीकी ट्र्याप, लाईट ट्र्याप आदि सहयोग भएको | |
| ३. | बाखा जोन | उन्नत प्रविधिको बाखा खोर निर्माणका लागि अनुदान | सङ्ख्या | १४० | | आधुनिक खोरमा बाखा स्वस्थ र फूर्तिलो भई बाखापालन सङ्ख्या, उत्पादन र आम्दानमा उल्लेख्य वृद्धि भएको | |
| | | लक्षित जोनमा पशु नश्ल सुधार तथा उत्पादन बृद्दि कार्यक्रम | सङ्ख्या | १०९ | | बोयर र जमुनापारी नश्ल स्थानीय जातको बाखासँग क्रस हुँदा मासु उत्पादन वृद्धि भई कृषकको आयस्तरमा वृद्धि भएको | |
| | | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | | | | विभिन्न कृषि यान्त्रिकरणका सामग्रीहरू (मिनिटिलर, चाफकटर, ब्रस कटर, कम्बाईन मिल, पेलेट मेसिन आदि) को प्रयोगले कृषि कर्म गर्न सहजता र लागत खर्च घटेको | |
| | | सङ्कलन केन्द्र निर्माण | सङ्ख्या | ३ | | ३ वटा सङ्कलन केन्द्र निर्माण भई बाखा तथा अन्य कृषि वस्तुहरू सङ्कलन भई बिक्री वितरण गर्न सहज भएको | |
| | | पशु स्वास्थ्य शिविर सञ्चालन | | | | स्थलगत पशु स्वास्थ्य शिविर सञ्चालन हुँदा पशुहरूको समयमानै उपचार भई कृषकहरू लाभान्वित भएको | |
| | | पशु स्वास्थ्य सेवा कार्यक्रम-आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण कार्यक्रम | | | | बाखामा लाग्ने आन्तरिक तथा बाह्य परजिवी नियन्त्रणको लागि अभियानको रूपमा सञ्चालन गरी परिजिवी नियन्त्रण भएको | |

| क्र.सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | | | | सिँचाइ पोखरी निर्माण, सिँचाइ पाइप सहयोग | |
| | | डालेघाँस तथा भुइँ घासको बीउ वितरण | | | | डालेघाँस तथा भुइँघाँसको बीउ वितरणमार्फत घाँस उत्पादन भई बाखाको पोषण स्वास्थ्यमा सुधार भएको | |
| | | विशेषज्ञसहित प्राबिधिक सहयोग (सूचीकृत ब्यवसायिक पशु फार्महरूलाई ) | | | | स्थलगत रूपमा विशेषज्ञसहितको टोली घर गोठसम्म पुगेर सेवा प्रदान हुँदा कृषकलाई लाभ पुगेको | |
| | | प्राविधिक अनुगमन तथा फिल्डस्तरमा नियमित परामर्श सेवा प्रदान गरिएको | | | | प्राविधिक अनुगमन तथा फिल्डस्तरमा नियमित परामर्श सेवा प्रदान भई कृषक लाभान्वित | |
| ४. | किवी जोन | किवी बगैंचामा थाँक्रा (Support System) मा सहयोग | हेक्टर | ३३.६७ | | डबल पोल पद्धती थाँक्रा ब्यवस्थापन भई बगैंचा व्यवस्थित भई उत्पादन र उत्पादकत्वमा वृद्धि आएको | |
| | | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | | | | सिँचाइ पोखरी निर्माण, सिँचाइ पाइप र थोपा सिँचाइ प्रविधि जडान तथा स्थापना क्रियाकलापहरू सञ्चालन भएको | |
| | | प्याकेजिङ, लेवलिङ तथा पोष्टहार्भेष्ट न्यूनीकरण कार्यक्रम | सङ्ख्या | १ | २०७७/७८ | शेर्पा एग्री फर्म, सोलुदुधकुण्ड न.पा.२, सोलुखुम्बुमा Almunium Foil Roll ४ मे.टन क्षमताको कोल्ड बुट जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०७७/७८ | मातृभूमि युवा अर्गानिक बहुउद्देश्यीय कृषि फर्म सोलुदुधकुण्ड न.पा.९, सोलुखुम्बु Almunium foil roll ४ मे.टन क्षमताको कोल्ड बुट जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |

| क्र. सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | १ | २०७७/७८ | गिता बहुउद्देश्यीय कृषि फर्म, नेचासल्यान गा.पा. ३, सोलुखुम्बु Almunium foil roll ४ मे.टन क्षमताको कोल्ड बुट जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०७७/७८ | क्याम्जे कृषि फर्म, सोलुदुधकुण्ड न.पा.४, सोलुखुम्बु Almunium foil roll ४ मे.टन क्षमताको कोल्ड बुट जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०७७/७८ | छत्र बहुउद्देश्यीय कृषि फर्म, नेचासल्यान गा.पा.२, सोलुखुम्बु Almunium foil roll ४ मे.टन क्षमताको कोल्ड बुट जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०७८/७९ | दुधकुण्ड दुध उत्पादन उद्योग, सोलुदुधकुण्ड न.पा. ४, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड बुट जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०७९/८० | हिमाली कृषि तथा रेम्बो ट्राउट माछा फर्म, सोलुदुधकुण्ड न.पा.१, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड बुट जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०७९/८० | अर्गानिक बहुउद्देश्यीय कृषि फर्म, नेचासल्यान गा.पा.१, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड बुट जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०७९/८० | अरुण कृषि फर्म, सोलुदुधकुण्ड न.पा. ११, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड बुट जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०८०/८१ | गोराखानी किवी फर्म, सोलुदुधकुण्ड न.पा. ९, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड बुट जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |

| क्र. सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | १ | २०८०/८१ | गौरीशंकर कृषि तथा पशु फर्म, सोलुदुधकुण्ड न.पा. ७, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड बुट जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०८०/८१ | कृषि वन तथा पशुपन्छी केन्द्र, थुलुङ दुधकोशी गा.पा. ८, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड च्याम्बर जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०८१/८२ | दुधकुण्ड हिउँदे फलफूल, सोलुदुधकुण्ड न.पा. ७, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड च्याम्बर जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०८१/८२ | शेर्पा कृषि फर्म, सोलुदुधकुण्ड न.पा. ७, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड च्याम्बर जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०८१/८२ | तामाङ घेदुङ गाई फर्म, सोलुदुधकुण्ड न.पा. ५, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड च्याम्बर जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०८२/८३ | क्याम्जे कृषि फर्म, सोलुदुधकुण्ड न.पा. ४, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड च्याम्बर जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | | सङ्ख्या | १ | २०८२/८३ | खरिखोला बहुउद्देश्यीय अर्गानिक कृषि फर्म, खुम्बुपासाङल्हामु गा.पा. १, सोलुखुम्बु Puf Pannel ५ मे.टन क्षमताको कोल्ड च्याम्बर जडान तथा स्थापना भई किवी भण्डारणमा सहजता भएको | |
| | | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | | | | विभिन्न कृषि यान्त्रिकरणका सामग्रीहरू (मिनिटिलर, चाफकटर, ब्रस कटर, कम्बाईन मिल, डिजिटल काटा आदि) मार्फत उत्पादन लागत घटेको | |

| क्र. सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | जङ्गली जनावारको क्षति न्यूनीकरण गर्न घेरबार कार्यक्रम | | | | जङ्गली जनावरको क्षति न्यूनीकरण गर्नको लागि काठको पोल र तारमार्फत घेराबार गरी क्षति न्यूनीकरण भएको | |
| | | बगैंचा सुदृढीकरण कार्यक्रम (सुक्ष्मतत्व, निलोतुथो, चुना) | | | | किवी बगैंचामा बोर्डो पेष्ट, सुक्ष्मतत्व आदि प्रयोगमार्फत बगैंचालाई सुधार गरी उत्पादन बृद्धि भएको | |
| | | जिल्लास्तर र स्थलगत तालिम | | | | किवी खेती प्रविधि, रोग, कीरा व्यवस्थापन, पोष्टहार्भेष्ट क्षति न्यूनीकरण, भण्डारण र प्रशोधनसम्बन्धी कृषकहरूले ज्ञान, सीप हासिल गरेको | |
| | | आकस्मिक बाली संरक्षण सेवा | | | | किवीको क्षति न्यूनीकरणको लागि आकस्मिक रूपमा बगैंचामा देखिएका रोग, कीरा व्यवस्थापन गर्न रासायनिक, जैविक विषादी, स्प्रेयर लगायतका सामग्री सहयोग गरेको | |
| | | चक्लाबन्दीमा आधारित खेतीमार्फत उत्पादन बृद्धिका लागि सहयोग | हेक्टर | ५ | २०७७/७८ | नेले बहुउद्देश्यीय कृषि फर्म, थुलुङ दुधकोशी गा.पा. १, नेले, सोलुखुम्बु संचाल भई किवी थाँक्रा (Support System) निर्माण, सिँचाइ पोखरी निर्माण १ वटा र किवी क्षेत्र विस्तार क्रियाकलापहरू सञ्चालन भएको | |
| | | | हेक्टर | ५ | २०७९/८० | माउण्टेन अर्गानिक एग्रीकल्चर फार्म, खिजिदेम्बा गा.पा. ८, (भुसिंगा) ओखलढुंगा सञ्चालन भई किवी थाँक्रा (Support System) निर्माण, सिँचाइ पोखरी निर्माण २ वटा (पाइप सहित) र किवी क्षेत्र विस्तार क्रियाकलापहरू सञ्चालन भएको। | |
| | | किवी नर्सरी स्क्रिन हाउस निर्माण तथा स्थापना | सङ्ख्या | १ | २०७६/७७ | हाईल्यान्ड अर्गानिक कृषि जडिबुटि तथा पशुपन्छी फर्म, थुलुङ दुधकोशी गा.पा. ९ ले किवी तथा फलफूल नर्सरी स्थापनाको लागि निर्माण गरेको | |
| | | | सङ्ख्या | १ | २०७६/७७ | शेर्पा एग्री फर्म, सोलु दुधकुण्ड न.पा. २ ले किवी तथा फलफूल नर्सरी स्थापनाको लागि निर्माण गरेको | |

| क्र. सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | १ | २०७६/७७ | दुधकुण्ड हिउँदे फलफूल, सोलु दुधकुण्ड न.पा. ७ ले किवी तथा फलफूल नर्सरी स्थापनाको लागि निर्माण गरेको | |
| | | | सङ्ख्या | १ | २०७६/७७ | लाङ्मिा शेर्पा, नेचासल्यान गा.पा. १ ले किवी तथा फलफूल नर्सरी स्थापनाको लागि निर्माण गरेको | |
| ५. | स्याउ/ ओखर जोन | जोन प्रभाव क्षेत्रमा स्याउ High density बिरुवा वितरण मार्फत क्षेत्रफल विस्तार | हेक्टर | ६ | | उच्च घनत्वमा स्याउ खेती गर्दा जमिनको उचित सदुपयोग भई प्रति एकाइ जमिनमा उत्पादनमा बृद्धि | |
| | | उन्नत प्रविधिसहित क्षेत्रफल विस्तार (ओखर) | हेक्टर | २०.६ | | ओखर बिरुवा लगाई क्षेत्रफल विस्तार भएको | |
| | | प्याकेजिङ, लेवलिङ तथा पोष्टहार्भेष्ट न्यूनीकरण कार्यक्रम | सङ्ख्या | १ | २०८१/८२ | एभरेष्ट एग्रो रिसर्च एण्ड टरिजम डेभलेपमेन्ट प्रा.लि. सोलुदुधकुण्ड नगरपालिका ८ पत्ताले, सोलुखुम्बुमा Puf Pannel को ५ मे.टन क्षमताको कोल्ड च्याम्बर जडान तथा स्थापना भई स्याउ भण्डारणमा सहजता भएको | |
| | | Anthail Net अनुदानमा वितरण | | | | उच्च घनत्वको स्याउमा असिना अवरोधक जाली प्रयोग गरी असिनाबाट स्याउको फल बचाउन सहयोग पुगेको | |
| | | उच्च घनत्व स्याउ मा ट्रेलसिङ्मा अनुदान | | | | उच्च घनत्व स्याउ खेतीमा ट्रेलसिङको प्रयोग गरी व्यवस्थित बगैंचा भई उत्पादन सहयोग पुगेको | |
| | | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | | | | विभिन्न कृषि यान्त्रिकरणका सामग्रीहरू (मिनिटिलर, कम्बाईन मिल डिजिटल तराजु आदि) को प्रयोग मार्फत उत्पादन लागतमा कमि आएको | |
| | | थोपा सिँचाइ प्रणाली जडान | | | | थोपा सिँचाइको प्रयोगले पानीको उचित प्रयोग, श्रम र समयको बचत तथा खाद्यतत्व प्रयोग गर्न सहज भएको | |

| क्र.सं. | जोन बाली/ बस्तु | जोनमा सञ्चालन भएका क्रियाकलापहरू | इकाइ | परिमाण | आर्थिक वर्ष | सम्पन्न भएका क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | जङ्गली जनावारको क्षति न्यूनीकरण गर्न घेरबार कार्यक्रम | | | | जङ्गली जनावरबाट हुने क्षति न्यूनीकरण गर्नका लागि काठको पोल र तारमार्फत घेराबार गरी क्षति न्यूनीकरण भएको | |
| | | स्याउ बगैंचा सुधार तथा व्यवस्थापन प्रदर्शनी कार्यक्रम | | | | सुक्ष्म खाद्यतत्व, निलोतुथो चुन लगायतका एग्री इनपुट सहयोग तथा प्रयोग भई बगैंचा सुधारमा टेवा पुगेको | |
| | | आकस्मिक बाली संरक्षण सेवा | | | | स्याउको क्षति न्यूनीकरणको लागि आकस्मिक रूपमा बगैंचामा देखिएका रोग, कीरा व्यवस्थापन गर्न रासायनिक, जैविक विषादी, स्प्रेयर लगायतका सामग्री सहयोग गरेको | |
| ६ | अदुवा/बेसार जोन | मसला बाली (अदुवा/ बेसार) को क्षेत्रफल विस्तार | हेक्टर | १७३ | | गुणस्तरीय बीउ सहयोग मार्फत क्षेत्रफल विस्तार र उत्पादन तथा उत्पादकत्व वृद्धि भएको | |
| | | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | | | | विभिन्न कृषि यान्त्रिकरणका सामग्रीहरू (मिनिटिलर, कम्बाईन मिल डिजिटल तराजु आदि) को प्रयोगमार्फत उत्पादन लागतमा कमि आएको | |
| | | जिल्लास्तर तालिम तथा स्थालगत तालिम सञ्चालन | | | | अदुवा, बेसार खेती प्रविधि, रोग, कीरा व्यवस्थापन, बीउ आलु उत्पादन प्रविधि, पोष्टहार्भेष्ट क्षति न्यूनीकरण, भण्डारण र प्रशोधन सम्बन्धी कृषकहरूलाई ज्ञान, सीप प्रदान गरेको | |
| | | अदुवा, बेसार प्रशोधन उद्योग स्थापना १ वटा | सङ्ख्या | १ | | नेचासल्यान गा.पा. मा निर्माण भएको हाल बिद्युत तथा संरक्षणको अभावमा सञ्चालन नरहेको | |

## ३.१.४.२. परियोजना अवधि जोनमा सञ्चालन भएका क्रियाकलापहरूको परिणात्मक प्रगति विवरण

| क्र.सं | कार्यक्रमको नाम | इकाई | आर्थिक वर्ष अनुसारको परिमाणात्मक प्रगति | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ७३/७४ | ७४/७५ | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | |
| १ | चक्लाबन्दी खेती कार्यक्रम | सङ्ख्या | ० | ० | ० | ० | ४ | १ | ३ | २ | २ | २ | १४ |
| २ | कस्टम हायरिङ सेन्टर | सङ्ख्या | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ३ | प्रशोधन उद्योग | सङ्ख्या | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| ४ | पोष्टाहार्भेष्ट क्षति न्यूनीकरण | सङ्ख्या | ० | ० | १ | ० | ५ | १ | ३ | ३ | ६ | ३ | २२ |
| ५ | रष्टिक स्टोर निर्माण | सङ्ख्या | ० | ० | १ | ० | १ | ० | ० | १ | ३ | १ | ७ |
| ६ | पशुपन्छी सङ्कलन केन्द्र निर्माण | | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | 3 |
| ७ | स्क्रिनहाउस निर्माण | सङ्ख्या | ० | ० | ३ | ४ | ३ | ८ | १ | ० | ० | ० | १९ |
| ८ | भकारो सुधार | सङ्ख्या | ० | २४४ | १७९ | ९९ | ० | ० | ० | ० | ० | ० | ५२२ |
| ९ | साना सिँचाइ | सङ्ख्या | ० | 16 | ३८ | ३६ | २० | ७० | २६ | १४ | ३१ | २८ | २७९ |
| १० | किवी थाँक्रा व्यवस्थापन (थाँक्रा) | सङ्ख्या | ० | ० | ० | ३८४७ | २३४० | ३४६० | ३०३४ | १३१० | ८३८ | २८५१ | १७६८० |
| ११ | कृषि बजार भण्डारण | सङ्ख्या | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | २ |
| १२ | बीमा अभिकर्ता | सङ्ख्या | ० | ० | ० | ० | ३२ | ० | ० | ० | ० | ० | ३२ |
| १३ | प्लाष्टिक टनेल | सङ्ख्या | ० | ० | ० | ० | २७० | २२६ | ८१ | ० | ० | ० | ५७७ |
| १४ | किवी रुटस्टक वितरण | सङ्ख्या | ० | ० | ० | ० | १२००० | ० | ० | ० | ० | ० | १२००० |
| **१५** | **कृषि यान्त्रीकरण** | | | | | | | | | | | | |
| १५.१ | मिनिटिलर | सङ्ख्या | ० | ५ | ० | ४४ | ३१ | ७४ | २६ | ४० | ५९ | २४ | ३०३ |
| १५.२ | स्प्रेयर्स | सङ्ख्या | ० | ४ | ० | १८ | २३ | १३ | ५ | ० | ० | ० | ६३ |
| १५.३ | कम्बाईन मिल | सङ्ख्या | ० | ० | ० | ५ | २० | ५२ | ३२ | १४ | ४६ | ४५ | २१४ |
| १५.४ | डिजिटल तराजु | सङ्ख्या | ० | १ | ० | ४४ | ११ | ९ | ५ | २ | ४ | ० | ७६ |
| १५.५ | ह्वीलब्यारो | सङ्ख्या | ० | ४ | ० | ३६ | ३५ | ४९ | ० | ० | ० | ० | १२४ |
| १५.६ | जुस निकाल्ने मेसिन | सङ्ख्या | ० | १० | ० | ० | ० | ० | १ | ० | ० | ० | ११ |

| क्र.सं | कार्यक्रमको नाम | इकाई | आर्थिक वर्ष अनुसारको परिमाणात्मक प्रगति | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ७३/७४ | ७४/७५ | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | |
| १५.७ | ब्रस कटर | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ५ | २ | २ | ३ | १२ |
| १५.८ | चाप कटर | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | १३ | ६ | १४ | ७ | ४० |
| १५.९ | जाब सिडर | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ३ |
| १५.१ | डिगर | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| १५.११ | टिलर मोडल | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| १५.१२ | पावर वीडर | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| १५.१३ | प्लेट मेसिन | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | २ | ५ |
| १६ | खोर निर्माण | सङ्ख्या | ० | ० | ० | ० | ० | १८ | २५ | १८ | ३५ | ३५ | १४० |
| १७ | नक्ष सुधार | सङ्ख्या | ० | ० | ० | ० | ० | २७ | १९ | ११ | २६ | २६ | १०९ |
| १८ | प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यावसायिक उत्पदन कार्यक्रम | सङ्ख्या | ० | ० | ० | ० | ० | २ | १ | | ० | ० | ३ |
| **१९** | **विभिन्न बालीहरूको क्षेत्र विस्तार** | | | | | | | | | | | ० | ० |
| १९.१ | आलु | हेक्टर | ० | ० | १३८ | ७७९ | ५० | १६० | ० | ० | ० | ० | ११२७ |
| १९.२ | किवी | हेक्टर | ० | ० | ० | ४४ | २० | १२.५ | ११ | १ | ३.९ | ० | ९२.४ |
| १९.३ | सुन्तला | हेक्टर | ० | ० | ० | ३६९ | १० | ० | ० | ० | १९.८ | ७ | ४०६ |
| १९.४ | अदुवा/बेसार | हेक्टर | ० | ० | ० | ११२ | ३० | २० | ० | ० | ११.९ | ५ | १७९ |
| १९.५ | HDP स्याउ | हेक्टर | ० | ० | ० | ० | ० | ९ | २ | ० | ० | ०.३ | ११ |
| १९.६ | स्याउ (अन्य) | हेक्टर | ० | ० | ० | ० | ० | ६ | ० | ० | ० | | ० |
| १९.७ | ओखर | हेक्टर | ० | ० | ० | ० | ० | १४ | २ | ० | ३.६ | १ | २१ |
| २० | बाखा जोन | | | | | | | | | | | | |
| २०.१ | माउ/खसी बोका/पाठापाठी | सङ्ख्या | ० | ० | ० | ० | ३७५६ | १३८८ | ३३९१ | २२६९ | ४६४७ | १४०९ | १६८६० |

## ३.१.५. परियोजना अवधिको जोनगत लाभान्वित कृषक विवरण

| क्र.सं. | आर्थिक वर्ष | आलु जोन | | | किवी जोन | | | स्याउ/ओखर जोन | | | बाख्रा जोन | | | सुन्तला जोन | | | अदुवा/बेसार जोन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | २०७३/७४ | | | | | | | | | | | | | | | | | | |
| २ | २०७४/७५ | | | | | | | | | | | | | २२ | २७ | ४९ | | | |
| ३ | २०७५/७६ | ५७ | ५५ | ११२ | ४३ | ६१ | १०४ | | | | | | | ६७ | १०२ | १६९ | ५५ | ४३ | ९८ |
| ४ | २०७६/७७ | ६६ | ५२ | ११८ | १०३ | १५५ | २५८ | | | | | | | ४३ | ५५ | ९८ | २५ | ४३ | ६८ |
| ५ | २०७७/७८ | १०३३ | ११११ | २१४४ | १०७ | १९२ | २९९ | | | | | | | ७३ | २२१ | २९४ | ९५५ | ६०० | १५५५ |
| ६ | २०७८/७९ | १६८ | १५२ | ३२० | १४३ | २०२ | ३४५ | ४६ | ७९ | १२५ | २४४ | २७८ | ५२२ | ७३ | २२१ | २९४ | २८ | ३३ | ६१ |
| ७ | २०७९/८० | ८३ | १०२ | १८५ | ८७ | ११९ | २०६ | ५१ | ७१ | १२२ | ६० | १२४ | १८४ | | | | | | |
| ८ | २०८०/८१ | ११७ | ८० | १९७ | ७० | ११७ | १८७ | ४८ | ६० | १०८ | १२५ | १५३ | २७८ | | | ० | | | ० |
| ९ | २०८१/८२ | १३९ | १०३ | २४२ | ३२ | ११३ | १४५ | ४१ | १०१ | १४२ | २१६ | ४४१ | ६५७ | ९७ | १२३ | २२० | १०७ | २८ | १३५ |
| १० | २०८२/८३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **कूल जम्मा** | १६६३ | १६५५ | ३३१८ | ५८५ | ९५९ | १५४४ | १८६ | ३११ | ४९७ | ६४५ | ९९६ | १६४१ | ३७५ | ७४९ | ११२४ | ११७० | ७४७ | १९१७ |

**सबै जोनको**

| | |
|---|---|
| महिला सङ्ख्याः | ४६२४ |
| पुरुष सङ्ख्याः | ५४१७ |
| कूल सङ्ख्याः | १००४१ |

### ३.१.६. जोन तथा सुपरजोन अन्तरगतका बाली वस्तुको उत्पादकत्वको अवस्था (क्रप कटिङ्को आधारमा)

| क्र.सं. | बालीको नाम | उत्पादकत्व (मे.टन) | राष्ट्रिय उत्पादकत्व (मे.टन) आ.व. २०८०/८१ | कैफियत |
|---|---|---|---|---|
| १ | आलु | १९.९८ | १६.६५ | ३.३३ |
| २ | किवी | ११.६३ | ९.१७ | २.४६ |
| ३ | स्याउ | ९.६ | ८.६७ | ०.९३ |
| ४ | ओखर | ० | ४.७४ | उत्पादन शुरु नभएको |
| ५ | अदुवा | ० | १२.८९ | |
| ६ | बेसार | ० | १०.२ | |
| ७ | सुन्तला | १८.४८ | ९.६२ | ८.८६ |

### ३.१.७. उत्पादन र उत्पादकत्वमा आएको सुधार (कार्यक्रम क्षेत्र भित्र, लक्षित बालीहरूको मात्र)

| बालीवस्तु | आ.व. २०७३/७४ को | | | हालको आ.व. २०८१/८२ को | | | घटीबढी (%) |
|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादकत्व (मे.टन) | उत्पादन (मे.टन) | क्षेत्रफल (हे.) | उत्पादकत्व (मे.टन) | उत्पादन (मे.टन) | |
| आलु | ७९१ | ११.० | ८७०१ | १९१८ | २७.१ | ५१९७८ | १४६.४ |
| किवी | ७५ | ६.२ | ४६७ | १६८.४ | २१.७ | ३६५४.३ | २४८.९ |
| स्याउ | ९ | ५.८ | ५२ | १५ | १३.२ | १९८.० | १२६.४ |
| ओखर | २ | ०.० | ० | १९.६ | ० | ०.०० | #DIV/0! |
| सुन्तला | ८३ | ६.८ | ५६८ | ४७५.७ | २०.२ | ८८८८.० | १९५.३ |
| अदुवा/बेसार | ९८ | १०.६ | १०३८ | २७१ | १४.३ | ३८७५.३ | ३५.०३ |

### ३.१.८. उत्पादन र उत्पादकत्वमा आएको सुधार (कार्यक्रम क्षेत्रभित्र)

| बाली वस्तु | हालको (Project Area को) | | | हालको (Project Area भन्दा बाहिरको) | | | घटीबढी % | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादकत्व | उत्पादन | क्षेत्रफल | उत्पादकत्व | उत्पादन | क्षेत्रफल | उत्पादकत्व | उत्पादन |
| आलु | १९१८ | २७.१ | ५१९७७.८ | १४२६ | १५.८ | २२५३१ | २५.७ | ४१.७ | ५६.७ |
| किवी | १६८.४ | २१.७ | ३६५४.३ | ३४.० | ७.९ | १३४.३ | ७९.८ | ६३.७ | ९६.३ |
| स्याउ | १५ | १३.२ | १९८.० | २०.०० | ६.० | १२०.६ | -३३.३ | ५४.३ | ३९.१ |
| ओखर | १९.६ | ० | ०.०० | २४.०० | ४.२ | ८०.० | -२२.४ | ०.००! | ०.०० |
| सुन्तला | ४७५.७ | २०.२ | ८८८८.० | ३५.६ | ११.० | २२० | ९२.५ | ४५.५ | ९७.५ |
| अदुवा/बेसार | २७१ | १४.३ | ३८७५.३ | १६.१ | ११.९ | १९१.१४ | ९४.० | १७.१ | ९५.१ |

## ३.१.९. जिल्ला प्राथमिकताका बाली वस्तुहहरूको जिल्लाबाट बाहिर गएको अवस्था

| जिल्ला | प्राथमिकता क्रम | बालीको नाम | आ.व. २०८२/०८३ | |
|---|---|---|---|---|
| | | | निर्यात (मे.ट.) | कारोबार रकम (रू. लाखमा) |
| ओखलढुंगा | १ | आलु | २५३ | १७७.१ |
| | २ | बाखा/खसि | १४.१६ | ११३.२८ |
| | ३ | बङ्गुर | ०.५२ | २.०८ |
| | ४ | तरकारी | ० | ० |
| | ५ | सुन्तलाजात | १०० | ६०. |
| सोलुखुम्बु | १ | आलु | | |
| | २ | किवी | ४५ | ६७.५ |
| | ३ | बाखा/खसि | ० | ० |
| | ४ | सुन्तलाजात | ३४३ | २७५ |
| | ५ | अदुवा बेसार | ० | ० |
| **कूल** | | | १४२७.३३ | ९७६.५८ |

## ३.१.१०. कार्यक्रम लागू भएका क्षेत्र र नभएका क्षेत्रहरूबीचको अन्तर

| कार्यक्रम लागू भएको क्षेत्र | कार्यक्रम लागू नभएको क्षेत्र |
|---|---|
| व्यावसायिक रूपमा खेती विस्तार भएको (आलु, सुन्तला, किवी, स्याउ, बाखापालन) | व्यावसायिक खेती विस्तार न्यून मात्रामा देखिएको |
| कार्यक्रम लागू भएको क्षेत्रमा आलु लगायत रैथाने बालीको अर्गानिक प्रमाणिकरण भएको | परम्परागत चलन चल्ती अनुसार भइरहेको, |
| कृषि यन्त्र उपकरणको प्रयोग बढेको, लागत खर्च घटेको | कृषि यन्त्र उपकरणको प्रयोग कम मात्रमा भएको, |
| कृषि उपज बाहिरी जिल्लामा निकासी भई आर्थिक मुद्रा भित्रिएको | तुलनात्मक रूपमा निकासी वस्तुहरू कम मात्रामा निर्यात भएको, |
| कार्यक्रम क्षेत्रमा व्यावसायिक खेती र रोजगारी बढेको | तुलनात्मक रूपमा कम देखिएको। |

## ३.१.११. कार्यक्रमबाट हालसम्म सृजना भएको रोजगारीको विवरण

| पूरण | आंशिक/सिजनल | रोजगारीका क्षेत्रहरू |
|---|---|---|
| १६८५ | ४९७४ | किवी, सुन्तला, स्याउ, ओखर, आलु, अदुवा, बेसार, कफी खेती, बाखा पालन, मौरीपालन व्यवसाय, सिँचाइ, रष्टिक स्टोर, सङ्कलन केन्द्र र बाखा खोर निर्माण, कृषि यन्त्र उपकरण प्रयोग आदि। |

## ३.१.१२. उपलब्धिहरू (Achievement)

| क्र.सं. | जोन विवरण | उपलब्धिहरू |
|---|---|---|
| १ | आलु जोन | • आलु खेती क्षेत्रफल आधार वर्षको ७९१ हेक्टरबाट १९१८ हेक्टरमा क्षेत्र/क्षेत्रफल विस्तार भई ५८.८% वृद्धि भएको,<br>• रष्टिक स्टोर ७ वटा निर्माण भई वार्षिक ७० मे.टन आलु बीउ भण्डारण गरी गुणस्तर कायम भएको,<br>• औषत वार्षिक २ करोडभन्दा बढि मूल्य बराबरको आलु जिल्ला बाहिर निर्यात भई कृषकको आम्दानी भएको,<br>• आधुनिक कृषि यन्त्र उपकरणको प्रयोगबाट श्रम लागत घटेको, लागत खर्च न्यूनीकरण, कार्य तिव्रता र महिलाको कार्य बोझमा कमी आएको,<br>• उन्नत प्रविधि (बीउ, मलखाद, सिँचाइ, आलुको जातीय प्रदर्शन, मल्चिङ प्रविधि प्रदर्शन, कृषक पाठशाला, जैविक तथा झोल मल प्रदर्शन, माटो सुधार आदि) प्रयोगबाट आलुमा १९.९८ मे. टन/हेक्टर आलु उत्पादन भई उत्पादन तथा उत्पादकत्व वृद्धि भएको,<br>• लेवलिङ, प्याकेजिङ, ब्राण्डिङ्गले बुङ आलु बजारीकरणमा सहजता र राम्रो मूल्य पाएको,<br>• जिल्लास्तर तालिम, गोष्ठी, स्थलगत घुम्ती तालिममार्फत कृषकहरूले ज्ञान, सीप हासिल गरेको,<br>• रोजगारी सृजना भएको। |
| २ | सुन्तला जोन | • सुन्तला खेती क्षेत्रफल आधार वर्षको ८३ हेक्टरबाट ४७६ हेक्टरमा क्षेत्र/क्षेत्रफल विस्तार भई ५२.८% वृद्धि भएको,<br>• ३ वटा कोल्ड च्याम्बर जडान तथा स्थापना वार्षिक १५ मे. टन २– ३ महिना सुन्तला भण्डारण गरी बिक्री वितरण गर्दा ३०-४०% मूल्य वृद्धि भई आयआर्जनमा वृद्धि भएको,<br>• आधुनिक कृषि यन्त्र उपकरणको प्रयोगबाट श्रम लागत घटेको, लागत खर्च न्यूनीकरण, कार्य तिव्रता र महिलाको कार्य बोझमा कमी आएको,<br>• उन्नत प्रविधि (सिँचाइ, बिरुवा, मलखाद, कोल्डच्याम्बर, कृषि यन्त्र उपकरण, बगैंचा सुदृढीकरण, बाली संरक्षण सामग्रीहरू आदि) प्रयोगबाट सुन्तला १८.४८ मे. टन/हेक्टर उत्पादन भई उत्पादन तथा उत्पादकत्व वृद्धि भएको,<br>• सोलुखुम्बु जिल्लामा उत्पादन हुने सुन्तला तुलनात्मक रूपमा ढिलो तयारी हुने, फलको गुस्तर राम्रो भएकोले बजारीकरणमा सहजता र राम्रो मूल्य पाएको,<br>• औषत वार्षिक २ करोड भन्दा बढि मूल्य बराबरको सुन्तला जिल्ला बाहिर निर्यात भई कृषकको आम्दानी भएको,<br>• जिल्लास्तर तालिम, गोष्ठी, स्थलगत घुम्ती तालिममार्फत कृषकहरूले ज्ञान, सीप हासिल गरेको,<br>• सुन्तला फलफूल खेती र बजारीकरणबाट रोजगारी सृजना भएको। |

| क्र.सं. | जोन विवरण | उपलब्धिहरू |
|---|---|---|
| ३ | बाखा जोन | • बाखा सङ्ख्या आधार वर्षको ३७५६ बाट १६,८६० वटा क्षेत्र विस्तार/बाखापालन भई ७७.७% वृद्धि भएको,<br>• १४० वटा उन्नत प्रविधिको बाखाखोर निर्माण भई बाखापालनमा सुधार भएको,<br>• औषत वार्षिक खसी/बोका १ करोड भन्दा बढि मूल्य बराबरको जिल्ला बाहिर निर्यात भई बाखापालन कृषकको आयआर्जनमा वृद्धि भएको,<br>• वोयर तथा जमुनापारी ११४ वटा नश्ल वितरण मार्फत नश्ल सुधार भई, मासुको उत्पादन बढेको,<br>• आधुनिक कृषि यन्त्र उपकरणको प्रयोगबाट श्रम लागत घटेको, लागत खर्च न्यूनीकरण, कार्य तिव्रता र महिलाको कार्य बोझमा कमी आएको,<br>• जिल्लास्तर तालिम, गोष्ठी, स्थलगत घुम्ती तालिममार्फत कृषकहरूले ज्ञान, सीप हासिल गरेको,<br>• बाखापालन व्यासायबाट रोजगारी सृजना भएको। |
| ४ | किवी जोन | • किवी खेती क्षेत्रफल आधार वर्षको ७५ हेक्टरबाट १६८ हेक्टरमा क्षेत्र/क्षेत्रफल विस्तार भई ५५.५% ले वृद्धि भएको,<br>• कुलबुट ५ वटा, कोल्डरुम ६ वटा, कोल्ड च्याम्बर ६ वटा गरी १७ वटा जडान तथा स्थापना भई वार्षिक ९५ मे.टन किवी भण्डारण गरी बिक्री वितरण गर्दा ८०-१००% मूल्य वृद्धि भई आयआर्जनमा वृद्धि भएको,<br>• आधुनिक कृषि यन्त्र उपकरणको प्रयोगबाट श्रम लागत घटेको, लागत खर्च न्यूनीकरण, कार्य तिव्रता र महिलाको कार्य बोझमा कमी आएको,<br>• उन्नत प्रविधि (बिरुवा, मलखाद, किवी थाँक्रा, सिँचाइ पोखरी, थोपा सिँचाइ, कृषि यन्त्र उपकरण, बगैंचा सुदृढीकरण, बाली संरक्षण सामग्रीहरू आदि) प्रयोगबाट किवी ११.६३ मे.टन/हेक्टर उत्पादन भई उत्पादन तथा उत्पादकत्व वृद्धि भएको,<br>• औषत वार्षिक १ करोडभन्दा बढि मूल्य बराबरको किवी जिल्ला बाहिर निर्यात भई कृषकको आम्दानी लिएको,<br>• किवी फलको गुस्तर राम्रो भएकोले बजारीकरणमा सहजता र राम्रो मूल्य पाएको,<br>• जिल्लास्तर तालिम, गोष्ठी, स्थलगत घुम्ती तालिममार्फत कृषकहरूले ज्ञान, सीप हासिल गरेको,<br>• किवी फलफूल खेती र बजारीकरणबाट रोजगारी सृजना भएको। |

| क्र.सं. | जोन विवरण | उपलब्धिहरू |
|---|---|---|
| ५ | स्याउ/ओखर जोन | • स्याउ खेती क्षेत्रफल आधार वर्षको ९ हेक्टरबाट १५ हेक्टरमा क्षेत्र/क्षेत्रफल विस्तार भई ४०% HDP स्याउ खेती वृद्धि भएको,<br>• १ वटा कोल्ड च्याम्बर जडान तथा स्थापना भई वार्षिक ५ मे. टन स्याउ भण्डारण गरी बिक्री वितरण गरेको,<br>• आधुनिक कृषि यन्त्र उपकरणको प्रयोगबाट श्रम लागत घटेको, लागत खर्च न्यूनीकरण, कार्य तिव्रता र महिलाको कार्य बोझमा कमी आएको,<br>• उन्नत प्रविधि (HDP स्याउ बिरुवा, मलखाद, थोपा सिँचाइ, ट्रेसिलिङ, हेलीनेट, कृषि यन्त्र उपकरण, बगैंचा सुदृढीकरण, बाली संरक्षण सामग्रीहरू आदि) प्रयोगबाट ९.६ मे. टन/हेक्टर उत्पादन भई उत्पादन तथा उत्पादकत्व वृद्धि भएको,<br>• जिल्लास्तर तालिम, गोष्ठी, स्थलगत घुम्ती तालिममार्फत कृषकहरूले ज्ञान, सीप हासिल गरेको,<br>• स्याउ फलफूल खेती र बजारीकरणबाट रोजगारी सृजना भएको। |
| ६ | अदुवा/बेसार जोन | • अदुवा/बेसार खेती क्षेत्रफल आधार वर्षको ९८ हेक्टरबाट २७१ हेक्टरमा क्षेत्र/क्षेत्रफल विस्तार भई ६३.८% वृद्धि भएको,<br>• आधुनिक कृषि यन्त्र उपकरणको प्रयोगबाट श्रम लागत घटेको, लागत खर्च न्यूनीकरण, कार्य तिव्रता र महिलाको कार्य बोझमा कमी आएको,<br>• उन्नत प्रविधि (बीउ, मलखाद, कृषि यन्त्र उपकरण आदि) प्रयोगबाट उत्पादन तथा उत्पादकत्व वृद्धि भएको,<br>• जिल्लास्तर तालिम, गोष्ठी, स्थलगत घुम्ती तालिममार्फत कृषकहरूले ज्ञान, सीप हासिल गरेको,<br>• अदुवा/बेसार खेती र बजारीकरणबाट रोजगारी सृजना भएको। |

## ३.१.१३. प्रभाव (Impact)

| क्र.सं. | जोन विवरण | प्रभाव |
|---|---|---|
| १ | आलु जोन | • आलुको उत्पादन र उत्पादकत्व वृद्धिले खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याएको,<br>• व्यावसायिक आलु खेती र बजारीकरणबाट रोजगारी सृजना भएको,<br>• प्राङ्गारिक खेती, जैविक तथा वनस्पतिक विषादीको प्रयोगबाट माटोको उर्वराशक्तिमा सुधार र स्वस्थ आलु उत्पादन भएको,<br>• कृषि यन्त्र उपकरणको प्रयोगको विस्तार भई श्रम लागत उत्पादन खर्च घटाएको। |
| २ | सुन्तला जोन | • सुन्तला खेती विस्तार, उत्पादन तथा उत्पादकत्व वृद्धि हुँदा फलफूलमा निर्वाहमुखी खेतीबाट व्यावसायिक खेतीतर्फ आकर्षित हुने,<br>• व्यावसायिक सुन्तला खेती र बजारीकरणबाट रोजगारी सृजना भएको,<br>• कृषकको आर्थिक अवस्था सुधार गर्नुका साथै स्थानीय कृषि अर्थतन्त्रलाई मजवुत बनाउन महत्त्वपूर्ण योगदान पुग्ने। |

| क्र.सं. | जोन विवरण | प्रभाव |
|---|---|---|
| ३ | बाख्रा जोन | • बाख्राको उन्नत जात र नश्ल सुधारबाट उत्पादन र उत्पादकत्व वृद्धि हुने,<br>• व्यावसायिक बाख्रापालन विस्तार, कृषकको आयआर्जनमा वृद्धि तथा रोजगारी सृजना गर्ने,<br>• ग्रामिण अर्थतन्त्र विकास, खाद्य तथा पोषण सुरक्षा र कृषकको दिगो जीविकोपार्जनमा महत्त्वपूर्ण योगदान पुग्ने। |
| ४ | किवी जोन | • किवी खेतीको विस्तार, कृषकको आयआर्जनमा वृद्धि तथा रोजगारी सृजना गर्ने,<br>• कृषकको आर्थिक अवस्था सुधार गर्नुका साथै स्थानीय कृषि अर्थतन्त्रलाई मजवुत बनाउन महत्त्वपूर्ण योगदान पुग्ने, |
| ५ | स्याउ/ओखर जोन | • स्याउ/ओखर खेतीको विस्तार, कृषकको आयआर्जनमा वृद्धि तथा रोजगारी सृजना गर्ने,<br>• कृषकको आर्थिक अवस्था सुधार गर्नुका साथै स्थानीय कृषि अर्थतन्त्रलाई मजवुत बनाउन महत्त्वपूर्ण योगदान पुग्ने। |
| ६ | अदुवा/बेसार जोन | • अदुवा/बेसारको क्षेत्रविस्तार, कृषकको आयमा वृद्धि र रोजगारी सृजना गर्ने,<br>• व्यावसायिक उत्पादनबाट कृषि उद्योगको विकास र निर्यात प्रवर्द्धन गर्ने सकिने,<br>• अदुवा/बेसार खेतीलाई दिगो आयआर्जन, व्यावसायिकरण र ग्रामिण अर्थतन्त्र विकासको महत्त्वपूर्ण आधारका रूपमा स्थापित गर्न सकिने। |

### ३.१.१४. समस्या र चुनौतीहरू (Challenged)

- प्रविधि र पूँजीको अभाव (आधुनिक कृषि यन्त्र उपकरणको पर्याप्तता र लगानी गर्न नसक्नु),
- लगानी जोखिम (बजार सुनिश्चिता, रोगकीरा, दैवी प्रकोप),
- कृषिमा श्रम गर्ने जनशक्तिको कमी,
- प्राविधिक ज्ञानको कमी,
- व्यवसाय निन्तरतामा, निर्मित संरचनाहरूको प्रयोग र संरक्षणमा चुनौती,
- वन्यजन्तुको समस्या (बाँदर, दुम्सी, मृग, भालु),
- HDP स्याउ खेती प्रविधि महँगो, क्षेत्र विस्तारमा चुनौती,
- ओखर बिरुवा वृद्धि विकास आशातित हुन नसकेको,
- छनौट भएपछि सम्झौता नगर्ने र सम्झौता भएपछि काम नगर्ने प्रवृति,
- सरकारी तथा निजी संघ/संस्थाहरूबाट पर्याप्त मात्रामा बीउ, बेर्ना तथा नश्ल उत्पादन तथा उपलब्धता हुन नसक्नु,
- गुणस्तरिय बीउ, बेर्ना तथा नश्ल उपलब्धता हुन नसक्नु,
- कृषकले माग गरेको जात सूचीकृत हुन नसक्नु,
- अदुवा, आलु, बेसार बीउको प्रमाणिकरण तथा मापदण्डमा समस्या।

### ३.१.१५. समाधान तथा सुधारका उपयाहरू (Mitigation Measures)

- कृषि मैत्री ऐन, नियम तथा नीति निर्माण हुनुपर्ने,
- भौगलिक हावापानी सुहाउँदो प्रविधिको विकास गर्नुपर्ने,
- तीनतह सरकारबाट सञ्चालन हुने अनुदान कार्यक्रमलाई एकरूपता कायम गर्नुपर्ने,
- बीउ, बेर्ना र नश्ल सुधारको लागि निजी क्षेत्रहरूलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने,
- बीउ, बेर्ना र नश्ल सुधारको लागि स्थानीय हावापानी सुहाउँदो प्रविधि र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,
- बीउ, बेर्ना परीक्षणको लागि स्थलगत एकीकृत परीक्षण सेवा सञ्चालन गर्नु पर्ने,
- अनुसन्धानबाट विकास भएका प्रविधिहरू फिल्डस्तरमा सघन रूपमा लैजानु पर्ने,
- FFT, PVT प्रदर्शनहरू कृषकस्तर सघन रूपमा सञ्चालन गरी प्राप्त पृष्ठपोषणको आधारमा मात्र सिफारिस गर्ने,
- प्राविधिक क्षमता अभिवृद्धि गर्नुपर्ने।

### ३.१.१६. सिकाइ (Lessons Learned)

- एकर्षे भन्दा बहुवर्षीय बाली/वस्तु (फलफूल) का जोनहरू दिगोपना हुने देखियो।
- पहाडी तथा हिमाली इलाकामा स-साना कोल्ड च्याम्बर प्रभावकारी हुने देखियो।
- पहाडी इलाकामा कष्टम हायरिङ सेन्टर प्रभावकारी हुने देखिएन।
- जग्गाको अनियन्त्रित खण्डिकरण, स-साना किसानले लगानी जुटाउन कठिन, समामाजिक द्वन्द, भौगलिक विकटता र परम्परागत खेतीमा आश्रित रहँदा चक्लाबन्दी कार्यक्रम कार्यान्वयन गर्न कठिन भएको।
- व्यावसायिक खेती अपनाउने कृषक कमी, श्रमिकको अभाव, कृषि पेशा प्रति युवा जनशक्तिको विकर्षण लगायतका कारणले प्रर्याप्त कच्चा पदार्थ उत्पादन हुन नसक्दा प्रशोधन उद्योगहरू स्थापना हुन नसकेको।
- कृषिमा कर्म खुल्ला खेती, सडक तथा बजार पूर्वाधार, बजार सुनिश्चितता नहुँदा लगानी जोखिम।

### ४.१.१७. निष्कर्ष तथा सिफारिस (Conclusion & Recommendations)

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत सञ्चालन भएका आलु, किवी, सुन्तला, बाख्रा, स्याउ/ओखर र अदुवा/बेसार जोन परियोजनाले कृषि तथा पशुपालनलाई व्यावसायिक, प्रतिस्पर्धी र बजारमुखी बनाउँन महत्त्वपूर्ण योगदान पुर्याएको छन्। यी कार्यक्रमहरूमार्फत उन्नत प्रविधि, गुणस्तरिय बीउ/बिरुवा, प्राविधिक सेवाटेवा, सिँचाइ व्यवस्थापन, कृषि पूर्वाधार, प्रशोधन तथा बजारीकरणमा सुधार भएको छ। फलस्वरूप निर्वाहमूखी खेती प्रणालीलाई व्यावसायिक तथा बजारमुखी कृषि प्रणालीतर्फ रूपान्तरण गर्न महत्त्वपूर्ण सहयोग पुगि उत्पादन र उत्पादकत्व वृद्धि, कृषकको आयमा सुधार, स्थानीय रोजगारी सृजना, कृषि उद्यमशीलताको विकास तथा कृषि मूल्य शृङ्खला सुदृढीकरणमा उल्लेखनीय उपलब्धि भएको देखिन्छ। समूह तथा सहकारीमार्फत सामूहिक कार्य संस्कृतिको विकास र कृषि क्षेत्रमा युवा सहभागिता बढाउन समेत टेवा पुगेको छ। तथापि, गुणस्तरीय बीउको समयमै उपलब्धता, बजार व्यवस्थापन, प्राविधिक सेवा विस्तार, कृषि पूर्वाधार विकास तथा मूल्य अभिवृद्धि कार्यमा अझ सुधार आवश्यक देखिएको छ। त्यसैले आगामी दिनमा सिँचाइ, भण्डारण, कोल्ड स्टोर तथा सडक पूर्वाधार विस्तार,

सामूहिक बजारीकरण प्रवर्द्धन, कृषकलाई नियमित तालिम तथा प्राविधिक सेवा प्रदान, रोग, कीरा व्यवस्थापन सुदृढीकरण तथा स्थानीय तह, सहकारी र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय कायम गर्दै कार्यक्रमलाई अझ दिगो, प्रभावकारी र बजारमुखी बनाउन आवश्यक देखिन्छ। जोन कार्यक्रमहरूले कृषिको आधुनिकीकरण, व्यावसायिकरण, कृषि विविधिकरण, खाद्य तथा पोषण सुरक्षा, ग्रामिण रोजगारी, महिला तथा युवा सहभागिता र कृषकहरूको जीवनस्तर सुधारमा महत्त्वपूर्ण योगदान पुर्याएको छ। भविष्यमा यस्ता कार्यक्रमहरूको दिगोपन सुनिश्चित गर्न गुणस्तरीय उत्पादन, बजार व्यवस्थापन, प्रशोधन उद्योग, शीत भण्डार/कोल्ड च्याम्बर/कूल वुट, प्रभावकारी बाली तथा पशुपन्छी बीमा, सहुलियतपूर्ण कृषि कर्जा, कृषक समूह, सहकारी संस्थाहरूको सुदृढीकरण तथा जलवायु अनुकूल कृषि प्रविधिको विस्तारमा थप जोड दिन आवश्यक छ।

# खण्ड-४

## ४.१. परिशिष्ट (Annex)

### ४.१.१. आलु जोन क्षेत्रका कृषकको सफलताको कथा (Case Study)

**बीउ आलुको आत्मनिर्भरतातर्फको यात्रामा मेरो सानो प्रयास**



ओखलढुंगा जिल्लाको सिद्धिचरण नगरपालिका वडा नम्बर ७, टोड्के स्थायी निवासी ५२ वर्षीय कृषक श्री राजेश श्रेष्ठ कृषि क्षेत्रमा एक प्रेरणादायी र उदाहरणीय बन्नु भएका छ। कृषि प्रति दृढ सङ्कल्प, लगनशीलता र नविन सोच भएको श्रेष्ठ अन्य कृषकहरू लागि प्रेरणा पात्रो हुनुहुन्छ।

**बाल्यकाल र शिक्षा**

राजेश श्रेष्ठको बाल्यकाल सोलुखुम्बुको सल्लेरी मावलीघरमा बित्यो। उहाँले त्यहाँ जनजागृत माध्यमिक विद्यालयबाट प्रारम्भिक शिक्षा शुरुवात गर्नु भएका उहाँले १२ कक्षासम्म अध्ययन गर्नु भएको छ। कृषि क्षेत्रमा लगाव बाल्यकालदेखि नै थियो, जुन सपना पछि व्यवसायमा परिणत भयो।

**कृषि व्यवसायको आरम्भ**

वि.सं. २०७७ सालमा उहाँले सुभारम्भ कृषि तथा पशुपक्षी फार्म" विधिपूर्वक दर्ता गरी औपचारिक रूपमा कृषि व्यवसाय शुरु गर्नुभयो। शुरुका दिनमा खायन (बुङ) आलु खेती गरेर उत्पादन गर्नुभयो, तर बजारमा बिक्रीमा समस्या देखियो। यस्ता चुनौतीहरूबीच पनि हिम्मत हार्नु भएनन्, उहाँले उत्पादन विविधिकरण गर्दै कृषि विस्तारमा ध्यान दिन थाल्नु भयो।

**बीउ आलु उत्पादनमा अग्रसरता**

उहाँले वि.सं. २०७६ सालबाट PBS (Pre Basic Seed) बीउ आलु खेती सुरु गर्नुभयो। सुरुवातमा केवल ४०० दाना PBS बीउ प्रयोग गरी सुरु गरिएको यो प्रयास अहिले २१ रोपनी क्षेत्रफलमा फैलिएको छ। हाल उहाँले कूल ५५ रोपनीमा आलु खेती गर्दै आउनु भएको छ, जसमा ४० रोपनीमा बुङ आलु ,१५ रोपनीमा बीउ आलु उत्पादन भइरहेको छ।

**बीउ आलुका प्रजातिहरू**

उहाँले उत्पादन गर्दै आएका उन्नत बीउ आलु प्रजातिहरू (जनकदेब, कार्डिनल, डेजिरे, खुमल रातो, डेजिरे, र स्थानीय रातो) प्रमुख छन्। उहाँको उद्देश्य जिल्लामा बीउ उत्पादन गरी आयातमा निर्भरता घटाउने हो। बीउमा आत्मनिर्भर बनाउने यो अभियानले उहाँलाई कृषि क्षेत्रको उदाहरणीय किसान बनाएको छ।

**आर्थिक उपलब्धि**

राजेश श्रेष्ठको आलु खेतीबाट वार्षिक आम्दानी उल्लेखनीय रहेको छ। बीउ आलु बिक्रीबाट रू. ६ लाख, बुङ आलुबाट रू. ३ लाख गरी वर्षमा ९ लाखभन्दा बढीको आम्दानी गर्नु हुन्छ।

**सरकारी सहकार्य र समर्थन**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ ,ओखलढुंगामार्फत आलु खेतीको लागि विभिन्न सरकारी अनुदान पाउनु भएको छन्। उहाँलाई आलु भण्डारण गृह, सिँचाइ पोखरी, आलु खेतीमा प्रयोग हुने कृषि यन्त्र तथा उपकरण, PBS बीउ आलु सहयोग र आलु खेती सम्बन्धी सीप विकास तालिम प्राप्त गर्नु भएको छ।

## ४.१.२. आलु जोन क्षेत्र अन्तर्गत सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर



रष्टिक स्टोर बौद्ध कृषक समूह, चिशंखुगगढी गा.पा. वडा नम्बर ७, ठूलढुंगा



रष्टिक स्टोर ग्रिन भ्याली ताजा तरकारी कृषक समूह सिद्धिचरण न.पा. वडा नम्बर ७, टक्सार



सिँचाइ पोखरी लालु शेर्पा कृषक समूह सिद्धिचरण न.पा ५, लालु, ओखलढुंगा



रष्टिक स्टोर PPGI (PUF Pannel) द्वारा निर्मित सेतीदेवी अगुवा आलु खेती कृषक समूह सिद्धिचरण न.पा. ७, ठाडे, ओखलढुंगा





आलु खेती प्रविधि प्रदर्शन प्लाष्टिक मल्चिङ प्रविधि र जातिय तुलनात्मक अध्ययन



बुङ आलु खेती सिद्धिचरण न.पा. ६, ठाडे, ओखलढुंगा



बिक्रीको लागि राखिएको आलु ओखलढुंगा शनिबारे हाट बजार

## ४.१.३. बाख्रा जोन क्षेत्रका कृषकको सफलताको कथा (Case Study)

### बाख्रा पालन व्यवसायमा मेरो निरन्तरता



ओखलढुंगा जिल्लाको सिद्धिचरण नगरपालिका वडा नम्बर २, चुहानछाप निवासी ४२ वर्षीय कृषक श्री गोमा कुमारी खत्री बाख्रा व्यावसायमा एक प्रेरणादायी र उदाहरणीय बन्न सफल हुनु भएको छ। कृषि प्रति दृढ सङ्कल्प, लगनशीलता र नवीन सोच भएकी खत्री अन्य कृषकहरूको लागि प्रेरणा पात्रो हुनुहुन्छ।

### बाल्यकाल र शिक्षा

गोमा कुमारी खत्रीको बाल्यकाल ओखलढुंगा जिल्लाको केउरेनीमा बित्यो। उहाँले हिमाल दर्शन मा.वि. निशङ्खेबाट प्रारम्भिक शिक्षादेखि १२ कक्षासम्म अध्ययन गर्नु भएको छ। कृषि क्षेत्रमा लगाव बाल्यकालदेखि नै थियो, जुन सपनापछि व्यवसायमा परिणत भयो।

### बाख्रापालन व्यवसायको आरम्भ

वि.सं. २०६९ साल भाद्र २९ गते उहाँले पाँच पाण्डव कृषि तथा पशुपन्छी फार्म" विधिपूर्वक दर्ता गरी औपचारिक रूपमा कृषि व्यवसाय शुरुवात गर्नुभयो। शुरुका दिनमा बाख्रापालन व्यवसाय ७ वटा बाख्राबाट शुरु गर्नुभयो भने सुरुको अवस्थामा व्यवसायमा निकै चुनौति देखिए पनि हिम्मत हार्नु भएनन्, उहाँले उत्पादन विविधिकरण गर्दै बाख्रापालन व्यवसाय विस्तारमा निरन्तरता दिन थाल्नुभयो।

### बाख्रापालन व्यवसायमा अग्रसरता



उहाँले वि.सं. २०६९ सालबाट बाख्रापालन सुरु गर्नुभयो। सुरुवातमा केवल ७ वटा बाख्राबाट पालन गर्न सुरु गरिएकोमा हाल माउ ३५ वटा र साना पाठा/पाठी २० वटा गरेर जम्मा ५५ वटा बाख्रा रहेका छन्।

### बाख्राका जातहरू

उहाँले पालन गर्दै आउनु भएका बाख्राका जातहरूमा: जमुनापारी, बोयर, स्थानीय बाख्राका जातहरू रहेका छन्। उहाँको उद्देश्य ओखलढुंगा जिल्लामा पर्याप्त मात्रामा खसि, बाख्रा उत्पादन गरी मासु आयातमा प्रतिस्थापन गर्ने रहेको छ। मासुमा आत्मनिर्भर बनाउने यो अभियानले उहाँलाई कृषि क्षेत्रको एक उदाहरणीय किसान बनाएको छ।

### आर्थिक उपलब्धि

गोमा कुमारी खत्रीको बाख्रापालन व्यवसायबाट वार्षिक आम्दानी उल्लेखनीय रहेको छ। बाख्रा, खसी, बोका बिक्रीबाट वर्षमा रू. ३ लाखभन्दा बढीको आम्दानी गर्नु हुन्छ।

### सरकारी सहकार्य र समर्थन

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगा मार्फत बाख्रापालन व्यवसायको लागि विभिन्न सरकारी अनुदान पाउनु भएको छन्। उहाँले उन्नत प्रविधिको बाख्रा खोर निर्माण, कृषि यन्त्र तथा उपकरणमा, चाप कटहर प्राप्त गर्नुभयो भने अन्य सीप विकाससँग सम्बन्धित तालिम प्राप्त गर्नु भएको छ।

## ४.१.४. बाख्रा जोन क्षेत्रमा सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर





उन्नत प्रविधिको बाख्रा खोर निर्माण र बाख्रा पालन





उन्नत प्रविधिको बाख्रा खोर निर्माण र बाख्रा पालन पाँच पाण्डव कृषि तथा पशुपन्छी फर्म, सिद्धिचरण न.पा. २, (मुखिया टोल), ओखलढुंगा





वोयर तथा जमुनापारी नश्ल वितरण



बाख्रा जोन क्षेत्रमा प्रयोग भएको कृषि यान्त्रीकरण




बाख्रा जोन अन्तर्गत सञ्चालित सिँचाइ योजना

## ४.१.५. सुन्तला जोन क्षेत्रका कृषकको सफलताको कथा (Case Study)

**सुन्तला उत्पादनमा मेरो सानो प्रयास**



ओखलढुंगा जिल्लाको सिद्धिचरण नगरपालिका वडा नम्बर ३, बाँस बोट निवासी ५७ वर्षीय कृषक श्री अष्ट बहादुर राई कृषि क्षेत्रमा एक प्रेरणादायी बन्नु भएको छ। कृषि प्रति दृढ सङ्कल्प, लगनशीलता र नवीन सोच भएको राई अन्य कृषकहरूका लागि प्रेरणा पात्रो हुनुहुन्छ।

### बाल्यकाल र शिक्षा

अष्ट बहादुर राईको बाल्यकाल ओखलढुंगा जिल्लाको बाँसबोटमा बित्यो। उहाँले त्यहाँ श्री लामिस्वती प्रा.वि. बाट प्रारम्भिक शिक्षाको सुरुवात गर्नु भएका उहाँले १० कक्षासम्म अध्ययन गर्नु भएको छ। कृषि क्षेत्रमा उहाँको लगाव पहिले देखिनै भएकोले सुन्तला खेती व्यवसाय सुरुवात गर्नु भयो।

### कृषि व्यवसायको आरम्भ

वि.सं. २०७८ सालमा उहाँले तिनघरे काइला कृषि तथा पशुपन्छी फार्म" विधिपूर्वक दर्ता गरी औपचारिक रूपमा कृषि व्यवसाय शुरु गर्नुभयो। सुरुका दिनमा सुरुका दिनमा उहाँले खेतबारीमा मकै, कोदो लगाउदा लागत खर्च पनि नउठ्ने भएकोले र जग्गा बाँझो राख्न उपयुक्त नदेखिएकोले विधिवत रूपमा उहाँले सुन्तला खेती गर्न सुरुवात गर्नुभयो।

### सुन्तला खेतीमा अग्रसरता

उहाँले वि.सं. २०६९ सालबाट सुन्तला खेती गर्न सुरुवात गर्नुभयो। सुरुवातमा १०० बोट सुन्तला र कागती खेतीबाट सुरु गरिएकोमा अहिले ५०० वटा सुन्तला र कागतीको बिरुवा २५ रोपनीमा फैलिएको छ। हाल उहाँले करिब २५ रोपनी जग्गामा सुन्तला र कागती उत्पादन भइरहेको छ।

### सुन्तला जातका प्रजातिहरू

उहाँले उत्पादन गर्दै आएका कागतीको प्रजातिहरूमा स्थानीय सुन्तलाका जातहरू लगाउँदै आउनु भएको छ। उहाँको मुख्य उद्देश्य भनेको सिद्धिचरण न.पा. ३ लाई सुन्तलामय बनाई ओखलढुंगा जिल्लालाई नै सुन्तला खेतीमा आत्मनिर्भर बनाउने र यस जिल्लाको सुन्तला आयातलाई प्रतिस्थापन गर्ने रहेको छ।

### आर्थिक उपलब्धि

अष्ट बहादुर राईले सुन्तला खेतीबाट वार्षिक आम्दानी उल्लेखनीय रहेको छ। सुन्तला खेतीबाट उहाँले वार्षिक ८००,०००।- आम्दानी गर्दै आउनु भएको छ भने आफ्नो व्यवसाय प्रति सन्तुष्ट हुनुहुन्छ।

### सरकारी, सहकार्य र समर्थन

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगामार्फत सुन्तला खेतीको लागि विभिन्न सरकारी अनुदान पाउनु भएको छ। उहाँलाई सुन्तला बगैंचालाई घेराबार गर्नको लागि तारजाली, सुन्तला खेतीको लागि आवश्यक यन्त्र उपकरणहरू, फेरोमन ट्याव, जैविक मल तथा सुन्तला बालीको लागि हरियो मलको रूपमा बोडीको बीउ सहयोग र सुन्तला खेतीको लागि तालिमहरू प्राप्त गर्नुभएको छ।

## ४.१.६. सुन्तला जोन अन्तर्गत सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर





कोल्ड च्याम्बरमा सुन्तला भण्डारण, थुलुङ दुधकोशी गा.पा. ८, सोलुखुम्बु





ग्राफ्टेड सुन्तला नर्सरी राजकुमार फलफूल नर्सरी फर्म, थुलुङ दुधकोशी गा.पा. ८, सोलुखुम्बु





सुन्तला जोन क्षेत्रमा निर्मित सिँचाइ पोखरी





सुन्तला जोन क्षेत्रमा उत्पादित सुन्तला

## ४.१.७. अदुवा/बेसार जोन क्षेत्रका कृषकको सफलताको कथा (Case Study)

### अदुवा बेसार खेतीले आर्थिक समृद्धितर्फ

**परिचय**



सोलुखुम्बु जिल्लाको थुलुङ दूधकोशी गाउँपालिका वडा नं. ३ मा बसोबास गर्ने भुपाल राई एक मेहनती तथा उदाहरणीय कृषक हुनुहुन्छ। उहाँले अदुवा र बेसार खेतीलाई व्यावसायिक रूपमा अगाडि बढाएर गाउँमै सफल कृषकको पहिचान बनाउनु भएको छ।

**खेती सुरु गर्ने प्रेरणा**

बाल्यकालदेखि नै खेतीपातीमा रुचि भएका भुपाल राईले आफ्नो गाउँको हावापानी अदुवा र बेसार खेतीका लागि उपयुक्त रहेको महसुस गर्नुभयो। अन्य खेतीको तुलनामा राम्रो आम्दानी लिन सकिने सम्भावना देखेपछि उहाँले व्यावसायिक रूपमा अदुवा र बेसार खेती सुरु गर्ने निर्णय गर्नुभयो।

**खेतीको सुरुवात**

अदुवा/बेसार जोन लागू भएपछि वि.सं. २०७५ सालदेखि उहाँले अदुवा तथा बेसार खेतीलाई व्यावसायिक रूपमा विस्तार गर्न थाल्नु भयो। सुरुमा थोरै जग्गामा खेती गरे पनि PMAMP को बीउ तथा प्राविधिक सहयोग, अनुभव, मेहनत र लगनशीलताका कारण खेतीको क्षेत्रफल क्रमशः बढाउँदै जानु भयो।

**खेतीमा लगानी र उत्पादन**

हाल उहाँले करिब ५ रोपनी क्षेत्रफलमा कपुरकोट १ र स्थानीय जातको अदुवा तथा बेसार खेती गर्दै आउनु भएको छ। आधुनिक खेती प्रविधि अपनाउँदै गुणस्तरीय उत्पादन गर्न सफल हुनु भएको छ। वार्षिक रूपमा रू. पाँच लाख रूपैयाँ आम्दानी गरी राम्रो उत्पादन गर्दै स्थानीय तथा बाह्य बजारमा बिक्री वितरण गरिरहनु भएको छ।

**बजार व्यवस्थापन**

उत्पादन गरेको अदुवा र बेसार स्थानीय हाट बजारमा बिक्री गर्दै आउनु भएको छ। जस्तैः नेले सल्लेरी नेचा बिहिबारे बजारहरूमा बिक्री गर्नहुन्छ। गुणस्तरीय उत्पादनका कारण ग्राहकहरूको विश्वास जित्न सफल हुनु भएको छ र बजारको माग पनि राम्रो रहेको छ।

**चुनौती र सङ्घर्ष**

खेतीको प्रारम्भिक चरणमा बीउ, प्राविधिक ज्ञान तथा बजार व्यवस्थापनका केही समस्या भए पनि उहाँले निरन्तर प्रयास जारी राख्नुभयो। कृषि सम्बन्धी तालिम तथा अनुभवबाट सिक्दै उहाँले ती चुनौतीहरू पार गर्न सफल हुनुभयो।

**प्राप्त सहयोग तथा सम्मान**

कृषि क्षेत्रमा सक्रिय योगदान पुर्‍याए वापत उहाँले विभिन्न कृषि कार्यक्रम तथा तालिमहरूमा सहभागी हुने अवसर प्राप्त गर्नु भएको छ। यसले उहाँलाई अझ प्रभावकारी रूपमा खेती सञ्चालन गर्न सहयोग पुगेको छ।

**निष्कर्ष**

भुपाल राईको अदुवा तथा बेसार खेतीको यात्रा मेहनत, लगनशीलता र आत्मविश्वासको उत्कृष्ट उदाहरण हो। गाउँमै बसेर कृषि पेशाबाट सम्मानजनक आम्दानी गर्न सकिन्छ भन्ने प्रेरणादायी सन्देश उहाँको सफलताले दिएको छ। उहाँको कथा अन्य कृषकहरूका लागि पनि प्रेरणाको स्रोत बनेको छ।

## ४.१.८. अदुवा/बेसार जोन अन्तर्गत सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर





## ४.१.९. किवी जोन क्षेत्रका कृषकको सफलताको कथा (Case Study)

## फेराका सुम्बा शेर्पाको किवी खेतीको प्रेरणादायी यात्रा



### परिचय

सोलुखुम्बु जिल्ला सोलु दुधकुण्ड न.पा. वडा नं. २ का ६३ बर्षिय सुम्बा शेर्पा एक मध्यम बर्गिय कृषक हुन्। उनि विगत ११ वर्षदेखि व्यावसायिक किवी फल उत्पादन गर्दै आइरहेका छन। शुरुमा परम्परागत अन्न खेती गर्ने सुम्बा शेर्पा आज किवी खेतीबाट वार्षिक १५ लाख रूपैयाँभन्दा बढि आम्दानी गरी रहेका छन्।

### शुरुवातको सङ्घर्ष

उनले २०७१ सालमा जिल्लामै पहिलो पटक किवी १०० बिरुवा रोपेका थिए। किवीको बोट लहरा जाने प्रकृतिका भएर सुरुमा हुर्काउन गोडमेल गर्न, मल व्यवस्थापन गर्न, सुरुमा धेरै गाह्रो भयो, तालिम नपाएर बोट सुक्न थाल्यो तर उनले हार कहिल्यै मानेन्न खेतीलाई निरन्तरता दिइराखे।

### सरकारीस्तरबाट सहयोग

२०७६ सालमा उनले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (PMAMP), परियोजना कार्यान्वयन एकाइ, सोलुखुम्बु अन्तर्गत किवी जोनको कार्यक्रममा सहभागी भए। कार्यक्रममार्फत उनले गुणस्तरीय बिरुवा, किवी बिरुवाका लागि आवश्यक पर्ने सपोर्ट सिस्टमको लागि सिमेन्टेड थाँका, सिँचाइका लागि साना सिँचाइ कार्यक्रममार्फत पाइप तथा जङ्गली जनावरका लागि क्षति न्यूनीकरण गर्न घेराबार कार्यक्रम पाए। साथै PMAMP को नियमित रूपमा प्राविधिक सेवा तथा किवी खेतीसम्बन्धी तालिम तथा परामर्श प्राप्त गर्यो।

### प्रविधिको प्रयोग र उत्पादन

NAMP को सहयोगमा प्राप्त थोपा सिँचाइ प्रविधि जडान, जैविक मल, तालिम तथा काटँछाट र किवी भण्डारणमा कुलबुटको प्रयोग गरी वेमौंसमीमा किवी फल बिक्री वितरण हुंदा किवी खेतीमा आमूल परिवर्तन ल्याएको छ। हाल उनले ४०० बोट किवी लागाएका छन्। जसले १० देखि १२ टन किवी फल उत्पादन दिन्छ।

### आम्दानी र प्रभाव

सुम्बाले अहिले वार्षिक १२ देखि १५ लाख रूपैयाँ आम्दानी गर्छन् र उनले गाउँका अन्य युवा वर्गलाई पनि किवी खेतीतर्फ लाग्न उत्प्रेरित गरेका छन्।

### निष्कर्ष /सन्देश

सुम्बा शेर्पा भन्नु हुन्छ, सरकारको योजना सही उपयोग र मेहनत मिल्यो भनि कृषि नै समृद्धिको मूल आधार बन्न सक्छ। उनको यो सफलताले स्पष्ट देखाउँछ कि नीति, प्रविधि र किसानको समर्पण मिल्दा कृषिमा चमत्कार ल्याउन सम्भव छ।

### ४.१.१०. हराभरा किवीबारी बदलिँदो जीवन काहानीः सोनाम लामाको सफलताको कथा



सोलुखुम्बु जिल्लाको सल्लेरी गाउँपालिका-४ निवासी ५१ वर्षीय सोनाम लामा एक मेहनती तथा प्रगतिशील कृषक हुन्। वैदेशिक रोजगारी र पर्यटन व्यवसायमा संलग्न रहे पनि स्थायी आम्दानीको अभावका कारण उनले गाउँमै केही गर्ने सोचका साथ व्यावसायिक किवी खेती सुरु गरे। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (NAMP) अन्तर्गत प्राप्त प्राविधिक तालिम, किवी बिरुवा, कृषि उपकरण, सिँचाइ तथा संरचना निर्माण सहयोगले उनलाई आधुनिक खेतीतर्फ प्रेरित गर्‍यो। उनले आफ्नै श्रम, जग्गा र थप लगानी गर्दै वैज्ञानिक तरिकाले खेती सञ्चालन गरेपछि उत्पादन र आम्दानी दुवैमा उल्लेखनीय वृद्धि भयो। हाल उनले करिब २० रोपनी क्षेत्रफलमा किवी खेती गर्दै वार्षिक लाखौं रूपैयाँ आम्दानी गरिरहेका छन्। यसबाट परिवारको आर्थिक अवस्था सुधारिनुका साथै शिक्षा, स्वास्थ्य र दैनिक जीवन सहज बनेको छ भने स्थानीयस्तरमा रोजगारी सृजना भई अन्य किसानहरू पनि व्यावसायिक खेतीतर्फ प्रेरित भएका छन्। सोनाम लामाको सफलता मेहनत, आधुनिक प्रविधि र सही अवसरको सदुपयोग गरे गाउँमै बसेर पनि आत्मनिर्भर बन्न सकिन्छ भन्ने प्रेरणादायी उदाहरण बनेको छ। उनले भनेका छन्, "मलाई जग्गाको महत्त्व थाहा छ, जग्गाले उत्पादन दिन्छ, किवी खेती हाम्रो गर्व"।

### ४.१.११. किवी जोन अन्तर्गत सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर






कुलबुट र कोल्ड च्याम्बरमा किवी भण्डारण (किवी जोन)





किवी बगैँचामा थाँक्रा (Support System)



कुलबुटमा भण्डारण गरेको किवी फल



ग्रेडिङको गर्न राखिएको किवी फल



किवी बगैँचा खुम्बुपासाङल्यामु गा.पा.१, खरिखोला



सिँचाइ पोखरी खुम्बुपासाङल्यामु गा.पा.१, खरिखोला




किवी बगैँचा सोलुदुधकुण्ड न.पा. ७, गार्मा

## ४.१.१२. स्याउ जोन कृषकको सफलताको कथा (Case Study)

### HDP स्याउ खेतीमा एभरेष्ट एग्रो रिसर्च एण्ड टुरिजम डेभलपमेन्ट प्रा.लि. को सफलताको कथा

### परिचय




सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका वडा नं. ८, केरुङको एक प्रसिद्ध स्थान पत्ताले अवस्थित एभरेष्ट एग्रो रिसर्च एण्ड टुरिजम डेभलपमेन्ट प्रा.लि. यो कृषि फार्म २८०० मिटरको उचाइमा रहेको छ। परम्परागत स्याउ खेतीको तुलनामा कम जमिनमा बढि उत्पादन लिने उद्देश्यले यो कम्पनी उच्च घनत्व स्याउ खेती (HDP) प्रविधि अपनाएको थियो। कम्पनीका सदस्यहरूको मेहनत एक अर्काको साथ सहयोग र धैर्यताले यो फार्म कृषि क्षेत्रमा एक प्रेरणादायी र उदारणीय फार्म बन्न सफल भएको छ।

### कृषि व्यवसायको आरम्भ र चुनौती

कम्पनीले वि.सं. २०७७ सालमा एभरेष्ट एग्रो रिसर्च एण्ड टुरिजम डेभलपमेन्ट प्रा.लि. दर्ता गरी औपचारिक रूपमा कृषि व्यवसायको सुरुवात गरेको थियो। सोलुखुम्बु र ओखलढुंगाका कृषकहरूको साझेदारीमा उच्च घनत्वमा स्याउ खेती व्यवसाय सुरुवात गरिएको थियो।

सोलुखुम्बुमा पहिलो पटक यो खेतीको सुरुवात भएकोले विभिन्न समस्या र चुनौतिहरू पनि आएका थिए। बिरुवा स्वदेशमा उत्पादन नहुने र विदेशबाट आयत गर्नुपर्ने भएकोले सुरुवाति लगानी धेरै महँगो परेको थियो। १ रोपनी क्षेत्रफल बढाउन २ देखि ३ लाख खर्च गर्नुपर्ने यो खेतीमा बगैंचा व्यवस्थापन र सञ्चालनमा थुप्रै समस्याहरू आएको थियो। कम्पनीले यी यस्ता समस्या र चुनौतिका बीचमा पनि हार नमानी स्याउ खेती व्यवसायलाई धेरै क्षेत्रफलमा लगाई बगैंचा स्थापना गरेको छ।

### उच्च घनत्वमा स्याउ उत्पादनमा अग्रसर

वि.सं. २०७८ सालमा कम्पनी उच्च घनत्वमा स्याउ खेती व्यवसाय गर्न सुरु गर्नु भएको थियो। मनाङ एग्रोबाट ३००० स्याउको बिरुवा ल्याई उच्च घनत्वमा स्याउ खेती प्रविधिको सुरुवात गरीएको थियो। १८ रोपनीबाट खेती सुरु गरिएको यो खेती १८६ रोपनी क्षेत्रफलमा फैलिएको छ।

### उच्च घनत्व स्याउका जातहरू

कम्पनीले हाल खेती गर्दै आएका स्याउको बिरुवाका जातहरू गाला, फुजी, रेड डेलिसियस, गोल्डेन डेलिसियस, विल्सनस्टार ग्रानीस्मिथ जस्ता जातहरू प्रमुख छन्। कम्पनीको उद्देश्य स्याउ खेतीमा व्यवसायिक र आत्मनिर्भर बन्ने रहेको छ। स्याउ खेतीबाटै गाउँका धेरैलाई रोजगारी दिइरहेको र स्वदेशमै विदेशको जस्तै आम्दानी गरिरहेको यस कम्पनी अहिले कृषिमा एक उदारणीय बनेको छ।

### आर्थिक उपलब्धि

यस एभरेष्ट एग्रो रिसर्च एण्ड टुरिजम डेभलपमेन्ट प्रा.लि. ले स्याउ खेतीबाटै वार्षिक ६० देखि ७० लाख आम्दानी गरिरहेका छन्।

### सरकारी सहकार्य र समर्थन

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, ओखलढुंगामार्फत उच्च घनत्वमा स्याउ खेतीको लागि विभिन्न सरकारी अनुदान पाउनु भएको छ। कम्पनीले स्याउ बिरुवा, थोपा सिँचाइ, स्याउमा ट्रेलिसिङ, कृषि यान्त्रीकरण उपकरण र घनत्वमा स्याउ खेती सम्बन्धी सीप विकास तालिम प्राप्त गरेको छ।

## ४.१.१३. स्याउ/ओखर जोन अन्तर्गत सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर





फल ग्रेडिङ गरेर बजारीकरणको लागि तयारी



HDP स्याउ बगैँचा, सोलुखुम्बु, पत्ताले

## ४.१.१४. स्याउ ओखर जोन अन्तर्गत सञ्चालित क्रियाकलापहरूको प्रतिनिधिमूलक तस्बीर



उच्च घनत्व स्याउमा टेलिसिङ (केरुङ )



उच्च घनत्व स्याउ बिरुवा वितरण



असिना अवरोधक जालि वितरण (टाप्टिङ )



ट्रेलिसिङ तथा घेराबार स्याउ बगैंचा (गोराखानी)



HDP स्याउ बगैंचा, सोलुखुम्बु, पत्ताले

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ

ओखलढुंगा